ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५औं वर्ष
# सन्देश
प्रदेश 'क' वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३४३ ॥ बुधबार २० जेठ २०८३ ॥ तृतीया ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Wednesday 3 June 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## कम्युनिटी कोचिङ कोर्स सुरु

सन्देश संवाददाता

हेटौंडा/अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा बागमती प्रदेशस्तरीय 'कम्युनिटी कोचिङ कोर्स' हेटौंडामा सुरु भएको छ। तल्लो तहदेखि फुटबलको विकास तथा दक्ष प्रशिक्षक उत्पादन गर्ने उद्देश्यले सञ्चालन गरिएको कोर्सको उद्घाटन बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव दीपक लामाले गरेका हुन्।

कोर्समा बागमती प्रदेशका १३ जिल्लाबाट ९१ जना प्रशिक्षार्थी सहभागी भएका छन्। उद्घाटन कार्यक्रममा एन्फा केन्द्रीय सदस्य टिका लामा, परिषद्का सदस्य सविन भट्टाचार्य तथा प्रशिक्षक (इन्स्ट्रक्टर) टेकनारायण श्रेष्ठ र चेतन घिमिरेलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रम संयोजक अमृत लुङबाका अनुसार तालिममा सहभागीहरूलाई फुटबलका आधारभूत सिद्धान्त, खेल कौशल, प्रशिक्षण पद्धति तथा खेलका आधुनिक नियमबारे सैद्धान्तिक र व्यावहारिक प्रशिक्षण प्रदान गरिनेछ।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा सञ्चालन भइरहेको प्रशिक्षण जेठ २७ गतेसम्म चल्नेछ। सहभागीहरूले भविष्यमा एन्फाको 'सी' लाइसेन्स कोचिङ कोर्समा सहभागी हुने अवसर प्राप्त गर्नेछन्

# बागमतीको नीति कार्यक्रम बहुमतले पारित

सुनिता बिष्ट



हेटौडा/बागमती प्रदेशको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ। बागमती प्रदेशको मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जेष्ठ १२ गते सदन पेस गरेको नीति कार्यक्रम प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले प्रस्तुत गरेका थिए। सोमबारदेखि सुरु भएको नीति कार्यक्रममाथिको छलफलपछि मंगलबार (आज) सदनबाट बहुमतले पारित भएको हो।

सदनमा रहेको ६ राजनीतिक दलका ४७ जना सांसदहरुले नीति कार्यक्रममाथि आफ्नो धारण राखेका थिए। सोमबार ८ जना र मंगलबार ३५ जना सांसदले नीति कार्यक्रममाथिको छलफलमा सहभागी भएका हुन्। नीति कार्यक्रममाथि ४ सांसदले संशेधन प्रस्ताव दर्ता गराएका थिए। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सचेतक रत्नप्रसाद ढकाल, नेकपाका सांसद युवराज चौलागाई, राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद लक्ष्मी घिमिरे र नेकपाकी सांसद सुष्पा भुजेलले नीति कार्यक्रमको संशेधन गर्न प्रस्ताव पेश गरेका थिए।

उनीहरुले पेश गरेको प्रस्ताव बहुमतले अस्वीकृत भएको बागमती प्रदेश सभाका प्रवक्ता प्रकाश चापागाईले जानकारी दिए। नीति तथा कार्यक्रमको छलफलका क्रममा सांसदहरुले सरकारले नीति कार्यक्रममा भएका शीर्षकहरुप्रति आपत्ति जनाएका थिए। सरकारले ल्याएको नीति कार्यक्रमकै आधारलाई टेकेर आगामी आर्थिक वर्षको बजेट निर्माण गर्नसमेत सुझाव दिइएको थियो।

प्रदेश सरकारले ८३ बुँदामा समेटर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याएको थियो। प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि सुशासन, सेवा प्रवाहमा सुधार, उत्पादन वृद्धि, रोजगारी सिर्जना, सामाजिक न्याय तथा दिगो पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। "सुखी नागरिक, समृद्ध बागमती" को लक्ष्यसहित सरकारले नागरिकमैत्री र परिणाममुखी शासन प्रणालीलाई अघि बढाउने जनाएको छ।

सार्वजनिक सेवा प्रवाहलाई छरितो, सरल र डिजिटल बनाउन "बागमती प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम" सञ्चालन गरिने भएको छ। नागरिकका गुनासा तथा उजुरीको तत्काल सम्बोधनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा "हेलो सीएम डेस्क" स्थापना गरिने नीति लिएको छ। साथै, प्रदेशका आयोजनाको प्रगति अनुगमन गर्न अनलाइन प्रोजेक्ट मनिटरिङ सिक्ष्टम लागू गरिने र प्रशासनिक प्रणालीलाई चरणबद्ध रूपमा डिजिटल बनाइने नीति लिइएको छ।

सामाजिक सुरक्षातर्फ प्रदेश जनता आवास कार्यक्रमलाई निरन्तरता दिइने तथा चेपाङ, बोटे, माझी, थामी, जिरेल, सुरेल, पहरी र बनकरियालगायत सीमान्तकृत समुदायका लागि एकीकृत आवास कार्यक्रम सञ्चालन गरिने बताइएको छ। अति गरिब, भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी परिवारका लागि स्थानीय तहसँगको सहकार्यमा कम्तीमा एक हजार सुरक्षित आवास निर्माण गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ।

पूर्वाधार विकासतर्फ प्रादेशिक राजधानी हेटौँडालाई बृहत्तर हेटौँडाको अवधारणाअनुसार विकास गरिने भएको छ। साइकल लेनसहितका पैदलयात्रीमैत्री सडक, नदी कोरिडोर तथा प्रदेश सभा भवन र एकीकृत प्रशासनिक भवन निर्माणको काम अघि बढाइनेछ। सरकारले "पहिला मर्मत, त्यसपछि निर्माण" को नीति अपनाउँदै अत्यावश्यकबाहेक नयाँ सडक ट्र्याक नखोल्ने जनाएको छ।

पर्यटन प्रवर्द्धनका लागि "घुमौं बागमती, बुझौं संस्कृति" अभियान सञ्चालन गरिनेछ भने ६६ वटै निर्वाचन क्षेत्रमा "एक निर्वाचन क्षेत्र, एक प्रमुख पर्यटकीय गन्तव्य" अवधारणा कार्यान्वयन गरिने भएके छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक अल्पसंख्यक समुदायको संरक्षण र उनीहरुलाई सशक्तीकरणका लागि कार्यक्रमसमेत सरकारले प्राथमिकता दिएको छ।

यसै नीति तथा कार्यक्रम र नीति कार्यक्रममाथिको छलफलमा आएको सुझावहरुको आधारमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट ल्याइने प्रदेश सरकारका प्रवक्ता प्रभात तामाङ बताउँछन्। प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीसमेत रहेका तामाङका अनुसार सोहीअनुरुप प्रदशेका मन्त्रालयहरुले बजेट व्यवस्थापनको गृहकार्य गरिरहेका छन्।

आगामी आर्थिक वर्ष नयाँ निर्देशिका अनुसार नै बजेट बनेर आउने मन्त्री तामाङको भनाइ छ। प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा आगामी आवमा बजेटको आकार घटेर आउने बताएको छ।

बागमती प्रदेश सरकारको मन्त्रालयहरुको संख्या घटौती, अनावश्यक सरकारी कार्यालयहरुको खारेजीलगायतका ५० देखि ५२ अर्बको हाराहारीमा बजेट बनाउने तयारी भैरहेको अर्थ मन्त्री तामाङले बताए। अर्थमन्त्री तामाङले आउँदो असार १ गते प्रदेश सभामा बजेट प्रस्तुत गर्नेछन्।

# वातावरण दिवसमा वृक्षरोपण

सन्देश संवाददाता



हेटौंडा/विश्व वातावरण दिवस-२०८३ को सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् मंगलबार हेटौंडा उपमहानगरपालिका-१ स्थित पाथीभरा मन्दिर जाने बाटो क्षेत्रमा वृक्षरोपण गरिएको छ। हेटौंडा उपमहानगरपालिकाको सहयोग तथा टोलविकास संस्था नगर समन्वय समिति हेटौंडाको आयोजनामा सम्पन्न कार्यक्रममा विभिन्न जातका १ सय बढी फूलका बिरुवाहरु रोपिएका छन्।

हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा हेटौंडा-१० का वडाअध्यक्ष फुर्वा दोर्जेलामा, हेटौंडा-११ की वडा अध्यक्ष जुना दाहाल, हेटौंडा उपमहानगरपालिका वातावरण महाशाखा प्रमुख सत्यदेवी अधिकारी, वातावरण इञ्जिनियर चन्दा खड्का, वातावरण शाखा प्रमुख हिमप्रसाद पौडेल, टोलविकास संस्था नगर समन्वय समिति उपमहासचिव एवम् कार्यक्रम संयोजक देवकुमार श्रेष्ठ, टोलविकास संस्था वडा समन्वय समिति हेटौंडा-११ का अध्यक्ष यज्ञबहादुर आचार्यलगायत जनप्रतिनिधि, सरोकारवाला निकायका प्रतिनिधि, स्थानीय तथा सामाजिक अभियन्ताहरुको सहभागिता थियो।

कार्यक्रममा प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिका प्रमुख लामाले वृक्षरोपण केवल बिरुवा रोप्ने कार्यमात्र नभइ भावी पुस्तालाई स्वच्छ वातावरण हस्तान्तरण गर्ने महत्वपूर्ण अभियान भएको बताइन्। उनले वातावरण संरक्षणका लागि समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको उल्लेख गर्दै रोपिएका बिरुवाको संरक्षणमा स्थानीय समुदाय, मन्दिर व्यवस्थापन समिति तथा टोविसहरुले विशेष जिम्मेवारी लिनुपर्ने बताइन्। नगरलाई हराभरा, स्वच्छ र वातावरणमैत्री बनाउने अभियानमा उपमहानगरपालिका निरन्तर लागि रहेको उनको भनाइ थियो।

कार्यक्रमका सभाध्यक्ष एवम् टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुवप्रसाद अधिकारीले विश्व वातावरण दिवसलाई केवल औपचारिकतामा सीमित नगरी व्यवहारिकरुपमा वातावरण संरक्षणका गतिविधिहरु सञ्चालन गरिएको बताए। उनले गत वर्ष विश्व वातावरण दिवस तथा अन्य अवसरहरुमा उक्त क्षेत्रमा रोपिएका बिरुवाहरु स्थानीय समुदायको संरक्षण र अपनत्वका कारण राम्रो अवस्थामा रहेको उल्लेख गर्दै यस वर्ष थप क्षेत्रमा वृक्षरोपण गरिएको जानकारी दिए। वातावरण संरक्षण सरकार वा कुनै एक संस्थाको मात्र जिम्मेवारी नभइ सम्पूर्ण नागरिकको साझा दायित्व भएको उल्लेख गर्दै उनले रोपिएका बिरुवाहरुको

बाँकी ४ पेजमा . . . . .

## बजेटमा बालअधिकार सुनिश्चित गर्न ध्यानाकर्षण

सन्देश संवाददाता

हेटौडा/आगामी आर्थिक वर्षको बजेटमा बालबालिकाका अधिकार, सुरक्षा, शिक्षा, स्वास्थ्य तथा संरक्षणसँग सम्बन्धित कार्यक्रम समावेश गर्न माग गर्दै राष्ट्रिय बाल पैरवी परिषद्ले सामाजिक विकास मन्त्रालयलाई ध्यानाकर्षण पत्र हस्तान्तरण गरेको छ।

राष्ट्रिय बाल पैरवी परिषद्की सदस्य अनिषा दाहालले सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख पुष्करचन्द्र घिमिरेलाई प्रदेश बाल अधिकार समितिका सदस्य प्रकाश खतिवडाको उपस्थितीमा उक्त ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका हुन्।

पत्रमार्फत् बालविवाह न्यूनिकरण, अनलाइन तथा डिजिटल हिंसासम्बन्धि सचेतना, अपाङ्गतामैत्री पूर्वाधार, मानशिक स्वास्थ्य सेवा, विद्यालयमा खेलकुद सामग्री, दिवा खाजा कार्यक्रम विस्तार, बाल संरक्षण, बाल क्लब सञ्चालन, बाल हेल्पलाइन १०९८ को प्रभावकारी विस्तार तथा जलवायु परिवर्तनका असर न्यूनीकरणलगायतका विषय आगामी बजेटमा समेट्न आग्रह गरिएको छ।

पत्र बुझ्दै महाशाखा प्रमुख घिमिरेले बालबालिकाका जायज माग तथा सुझावहरूलाई बजेटमा समावेश गरिने बताए।

## लागूऔषधविरुद्ध ३ महिने अभियान सम्पन्न




सन्देश संवाददाता

हेटौंडा/मकवानपुर जिल्लामा लागूऔषध तथा दुर्व्यसन नियन्त्रणका लागि सञ्चालन गरिएको ३ महिने जिल्लास्तरीय सचेतनामूलक अभियान सम्पन्न भएको छ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा सञ्चालित अभियान मंगलबार युवा बहस तथा सचेतना कार्यक्रमसँगै समापन गरिएको हो।

पछिल्लो समय युवावर्गमा बढ्दो लागूऔषध प्रयोग तथा दुर्व्यसनको समस्यालाई न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालन गरिएको अभियानअन्तर्गत जिल्लाका १० वटै स्थानीय तहमा विद्यालय तथा क्याम्पस केन्द्रित सचेतना कार्यक्रम, पालिकास्तरीय समन्वय बैठक, सार्वजनिक स्थानमा सन्देशमूलक पर्चा वितरण, होर्डिङ बोर्ड स्थापना तथा धूम्रपान निषेधसम्बन्धी जनचेतनामूलक गतिविधि सञ्चालन गरिएका थिए।

अभियानमार्फत् विभिन्न विद्यालय तथा क्याम्पसमा सञ्चालन गरिएका कार्यक्रमबाट ८४९ जना विद्यार्थी प्रत्यक्ष लाभान्वित भएका छन् भने युवा बहस तथा सचेतना कार्यक्रममार्फत थप ५०० जना युवाको सहभागिता थियो।

यससँगै अभियानकै क्रममा कुल १ हजार ३ सय ४९ जना विद्यार्थी तथा युवाहरू प्रत्यक्षरूपमा लाभान्वित भएको आयोजकले जनाएको छ।






हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष



**उखान:** बाँसको हलो हुँदैन।

**॥ ॥ बेलाको बोली ॥ ॥**

म जिन्दगीमा पटक पटक असफल भए यसैले त आज म सर्वाधिक सफल हुन सके।

*– माइकल जोर्डन*

## सम्पादकीय

# बाढी पहिरोको पुर्व तयारी थालौं

*नेपालका भौतिक संरचनाको निर्माण प्रकृति र वातावरणमैत्री बन्न नसक्दा बर्सैनि विपत्जन्य घटनामा ठुलो जनधनको क्षति हुन थालेको छ । अब चुरे र पहाडी क्षेत्रमा जथाभाबी गरिने उत्खनन र अनियन्त्रित जग्गा प्लटिङ रोक्नु पर्छ । वातावरणमैत्री र इन्जिनियरिङ मापदण्ड पूरा गरेर मात्र विकासनिर्माणका कार्य अगाडि बढाउनु पर्छ । बाढी पहिरोको उच्च जोखिममा रहेका बस्ती पहिचान गरी स्थायीरुपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्न ढिलो गर्नु हुन्न । पहिलेका वर्षहरुमा मनसुनको पानी महिनाभरि बाँडिएर पर्ने गर्थ्यो । अहिले जलवायु परिवर्तनका कारण थोरै समयमा एकै ठाउँमा अत्यधिक धेरै पानी पर्ने गरेको छ । हिउँदमा लामो समयसम्म पानी नपर्ने र गर्मी महिनामा अत्यधिक गर्मी हुन थालेको छ ।*

*विश्वको औसत तापक्रमभन्दा हाम्रो हिमालय क्षेत्रको तापक्रम तीव्र गतिमा बढिरहेको छ । यसले गर्दा हिमालको हिउँ र हिमनदी छिटो पग्लिरहेका छन् । हिमतालहरु बन्ने र फुट्ने क्रम बढेको छ । यसले गर्दा नदीमा पानीको बहाब अचानक बढ्न गई तटीय क्षेत्रमा बाढी र कटानको समस्या देखिएको छ । मनसुन भित्रिने र बाहिरिने समय तालिका परिवर्तन भएको छ । कहिले मनसुन ढिलो सुरु हुन्छ त कहिले मनसुन सकिनुपर्ने समयमा अनपेक्षितरुपमा भीषण वर्षा भइदिन्छ । यसले पाकेको बालीनाली नष्ट गर्नुका साथै ठुलो जनधनको क्षति पुऱ्याउने गरेको छ । यस्ताखाले विपत्बाट जोगिन सबै सचेत भई सावधानी अपनाउन जरुरी छ ।*

*हिमाल पहाड र तराई तीनै क्षेत्र रहेको नेपालमा हिमालमा ठूलो मात्रामा बाढी पहिरो जादा त्यसको असर तराईमा पनि पर्न सक्ने र तराईमा सुख्खा हुंदा र त्यसको असरस्वरुप खाद्यान्य उत्पादनमा असर पर्ने त्यसकै कारणले पहाडमा बस्ने ब्यक्तिले अन्जउपजको उपभोग गर्न नपाउने भएकोले भुखमरी पनि हुन सक्नेतर्फ सबै पक्ष जिम्मेवार हुनै पर्छ । हाम्रो क्षेत्रमा असर परेको छैन भनेर चुप लागेर बस्ने अवस्था नहुने भएकोले नेपाल सरकारले आफ्नो देशको सबै क्षेत्रमा हुने प्राकृतिक बिपत्तिको लागि तयारी अवस्थामा रहनु पर्दछ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | मिहिनेतले मानसम्मान दिलाउनेछ । अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक निखारता आउनेछ । बोली र विचारका प्रशंसकहरू बढ्नेछन् । | बृष | बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ । सानो प्रयत्नले काम बन्नेछ । साथ दिनेछन् । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । |
| मिथुन | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। आकस्मिक खर्चले तत्काललाई अर्थ अभाव देखापर्न सक्छ । तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन् । | कर्कट | धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवन शैलीमा परिवर्तन ल्याउनेछ । विशेष काममा जग बसाउने योग छ । |
| सिंह | शुभचिन्तकहरू जुट्नाले अप्ठ्यारो ठानिएको काम पनि सम्पादन हुनेछ। विभिन्न प्रवृत्त भइनेछ । बिगतका कर्मको सामान्य प्रतिफल प्राप्त हुनेछ। | कन्या | खर्च लागे पनि हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ। पुरुषार्थले सकिनेछ । पहिले विरोध गर्नेहरूले नै मित्रताका हात अघि बढाउने छन् । |
| तुला | आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ । | बृश्चिक | काम बन्नाले उत्साह जाग्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ शत्रुहरू किनारा लाग्नेछन् । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ |
| धनु | विशेष काममा जग बसाउने अवसर छ। मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । प्राप्त गर्ने बेला छ । धेरैले कामको तारिफ गर्नेछन् । | मकर | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ लगनशीलताले परिस्थितिलाई बदल्नेछ । काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । |
| कुम्भ | गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा वर्चस्व बढ्नेछ। व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला । | मिन | गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

### समयले जन्माएको रास्वपा

# रास्वपाले जन्माएको रवि र बालेन



✍ डा.डि.बी. मोक्तान
पिएचडी (समाजशास्त्र)

शदियौंदेखि हिमाल, पहाड, तराई स्वसाशित स्वतन्त्र देश जहाँ विभिन्न जातजाति, धर्म, संस्कार र संस्कृतिको अपूर्व संगम छ। अनेकतामा एकता, विविधतामा समानता, सयौंथरी फुलको साझा फुलबारी यो देशको महानता । महान ऋषि, महर्षि र तपस्वीहरुबाट दीक्षित तपोभूमि, विश्व शान्तिको अग्रदुत गौतम बुद्धको जन्मभूमि र संसारकै सर्बोच्च शिखर सगरमाथाको शीतल छहारीमा जन्मलिन पाउँदा मात्र पनि भाग्यशाली महशुस गर्छन् नेपालीहरुले । राजा पृथ्वीनारायण शाहको कुशल नेतृत्वमा वीर गोर्खालीहरुको रगत पसिनाले आर्जेको स्वर्ग झैं शान्त र सुन्दर ऐतिहासिक भूमि हो नेपाल । तर, झण्डै ३५ बर्षदेखि केही नालायक कपुतहरुले अधिनायक वादी रँगमञ्च बनाइएको थियो यँहाको भूमी । सम्पूर्ण कृषि उत्पादन, उद्योग तथा कलकारखानाहरु निस्तेज पारी देशलाई राजनीतिक अस्थिरता र आर्थिक महासंकटको भुमरीमा धकेल्दै स्वदेशमा गरिखाने रोजगारको ढोकाहरुसमेत बन्दगरी युवाहरुलाई जब्बरजस्ती विदेश पलायन हुनु बाध्य बनाइएको थियो ति सरकारहरुले ।

"नक्कल गर्न पनि अक्कल चाहिन्छ" भने झैं कुकुरको छाउरालाई टाइगर नाउ राख्दैमा त्यो छाउरो टाइगर बन्दैन भन्ने त सबैलाई थाहा छ। अनि नेपाली गल्लीको भुस्याहा छाउरालाई जर्मनी सेफर्डको भुकाइ किन सिकाउनु पऱ्यो ? भुकाई सिकाउँदा र सिक्दैमा भुस्याहा छाउराको जुनी बित्यो तर सेफर्ड भुकाइको लय समाउन सकेन र आफ्नै लोकल भुकाइलाई उत्कृष्ट सेफर्डको नाम दिइयो । सुन्निएको शरीरलाई मोटाएको भन्ने भ्रम भएपछि परिणाम अर्कै आउँछ। पञ्चायती सामन्ती शासकहरुले देश लुटनसम्म लुटे, विकासको नाममा माखोमार्न सकेन । अब सर्वहाराको राज्यव्यवस्था निर्माण गरिनु पर्दछ, । नेपाललाई स्वीटजरल्याण्ड र सिँगापुर जस्तो बनाउनु पर्दछ भन्दै साम्यवादीधार भनाउंदा जर्मनी सेफर्डहरुले यो शान्त र सुन्दर मुलुकमा ०४६/४७ मा रक्तपातपूर्ण आन्दोलन मच्यायो। आन्दोलन सफल पनि भयो। पञ्चायती शासन पनि ढल्यो। साम्यवादीहरुले ठुलै उत्सव मनाए। भोज र मोजमा अभ्यस्त हुनथाले शिर्ष नेताहरु।

तर, खै कतापटिको तार खुस्क्यो कुन्नि, ४/५ बर्ष नबित्दै एकथरी साम्यवादीहरु यो व्यवस्था ठीक भएन र योभन्दा पनि राम्रो व्यवस्था ल्याउनु पर्छ भन्दै माओवादीहरु उग्र वामपन्थीको नामले नयाँ व्यवस्थाको खोजीमा जँगल छिरे । जनयुद्धको नाउमा दशबर्षे गृहयुद्ध चलायो। नेपाल आमाका १७ हजार होनाहार सपुतहरु मारिए। जताततै आतङ्क छायो, राष्ट्रको अरबौं रुपिंया लुटियो । खरबौंको भौतिक संरचनाहरु ध्वस्त पारिए। अन्ततः शान्ति सम्झौता भयो । तत्कालिन माओवादी लडाकुहरुको ठुलो जमात राष्ट्रिय सुरक्षा फौजमा सामेल गराइयो। कमाण्डर भनाउदाहरु राज्यको उच्च तहमा आसिन भए। मिलीजुली सरकार बन्यो। देश माओवादीमय भयो। त्यसपछि राज्यको दोहन सुरु भयो भन्छन् नेपाली राजनीतिक बिज्ञहरु ।

०६२/६३ को जनयुद्धले भित्र्याएको अधिनायक वादी राज्यव्यवस्था, गलत अर्थनीति, अहँकारको जगमा अडिएको राज्यसत्ता र अदुरदर्शी राजनीतिक खिचातानीले देशलाई आर्थिक तथा राजनीतिक संकटको महाभुमरीमा धकेली दियो । नागरिक स्वतन्त्रता, राष्ट्रिय अखण्डता र स्वाधिनतालाई धरापमा पार्दै राष्ट्रिय सम्पतिमाथि नीतिगत भ्रष्टाचार गर्ने भ्रष्टाचारीहरु, लघुवित्त तथा सहकारीको नाममा ब्रम्हलुट गर्ने लुटेराहरु, औद्योगिक उत्पादनमा व्यक्ति एकाधिकारको चाँजापाँजो मिलाइ दिने बिचौलियाहरु, सरकारलाई दिनपर्ने राजश्व तिर्न नपर्ने र तिनीहरुको अपराध समेत लुकाईदिन थरीथरीका विधेयकहरु बनाइदिने दलाल राष्ट्रघातीहरुको साम्राज्य बन्न गयो यो देश। राज्यकोष लुटनैको लागि आफ्नो आसेपासेहरुलाई राज्यको उच्च तहमा भर्ति गर्ने तर किसानको उखु र दुधको पैसा नतिर्ने, कोरोना र नाकाबन्दीकै कारण बैंकको ऋण तिर्न नसकेर उठीवास हुनपर्ने, एकछाक खाना नपाएर जनता मर्नुपर्ने। त्यत्तिमात्र होइन, भएभरको हिमनदीहरु, बहुमुल्य खानी, प्राकृतिक श्रोत तथा सम्पदाहरु विदेशीलाई जिम्मा लगाउने, मोटो कमिशनले आफु मोटाउने अनि राष्ट्रलाई खोक्रो पारी सुनको कचौरामा भिख मागेर देश चलाउने लम्पट सिद्धान्त प्रतिपादन गरे बिगतका सरकारहरुले ।

फलतः मुलुक समृद्ध होइन गरिव, भिखारी र श्रम बेच्ने कारखानामा परिणत हुनपुग्यो। शिक्षा, स्वास्थ र गाँस, बास जस्तो नैसर्गिक अधिकारको जोहोसमेत गर्नसकेन सरकारले । सरकारको यो अत्यन्तै निर्लज्ज हरकतले निम्त्याएको भयावह अवस्थाले राष्ट्रिय स्वाधिनता र जनसम्प्रभुत्ता नै खतरामा परेको विषम परिस्थितीबाट मुलुक गुज्रिरहँदा मर्नु न बाँच्नुको दोसाँधमा पुगेको यस एकाइसौ शताब्दीका देशभक्त नागरिक एवम युवाहरु रगतको आँसु पिउँदै नयाँ विकल्पका खोजीमा थिए। उपयुक्त समयको पखाईमा थिए। २०८२ भदौ २३ र २४ को ज्वारभाटा यसैको उपज थियो।

२०८२ फागुन २१ को आमनिर्वाचनले मुलुकलाई अत्यन्तै नयाँ मोडमा उभ्याई दिएको छ। होनाहार देशभक्त युवा नेता रवि लामिछानेको अत्यन्त दुरदर्शी अगुवाइमा २०७९ सालदेखि निरन्तर अघि बढिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको न्यानो मायाबाट लगभग दुइतिहाइ मतको सुनामी ल्याउन सफल भयो भने दशकौंदेखि कुहिरोको काग झै दिशाविहिन अवस्थामा रहेको मुलुकले २०८२ चैत्र १३ गते होनाहार, आँटिलो, जाँगरिलो र अति दुरदर्शी युवा नेता बालेन्द्र साहलाई सरकारको कार्यकारी प्रमुखको रुपमा प्राप्त गर्न सफल भयो । नेपाल र नेपालीहरुको लागि यो महान गौरवको विषय हो। अबको केही वर्षमै नेपाल र नेपालीले सुख, शान्ति र समृद्धि अनुभूत गर्न सक्नेछन । यसमा कुनै शँका छैन ।

खरबौं विदेशी ऋणभारले देश हरिकँगाल भएको सत्यतथ्य सबैलाई थाहा छ। दलालहरुको संगठित ठगीधन्दा र भ्रष्टाचारले आकाश छोएको छ । उत्पादित वस्तुहरु पूर्णरुपमा केही घराना व्यापारीहरुको अधिनमा छ । प्राण धान्ने अति आवश्यकीय खाद्य बस्तुहरुमा मनपरी मुल्य निर्धारण गरी महँगीलाई चरम उत्कर्षमा पुऱ्याउने अधिकार उनीहरुलाई नै प्राप्त छ । यसरी महंगी चुलिदै जाँदा आर्थिक शोषण र भोकमरीको उत्पीडनले जनताहरु भोकभोकै मर्दैछन्। सहकारी तथा लघुवित्त बैंकहरुबाट लिइएको कर्जा समयमै तिर्न नसक्दा चक्रवृत्ति ब्याजले किसानको घरबार लिलाम हुंदैछ छ र घरवारबिहीन बन्न पुगेका छन्, जो ज्यादै दुखद् बिषय हो ।

जनकपुर चुरोट कारखाना, वीरगञ्ज चिनी कारखाना, हेटौडा कपडा उद्योग, हेटौडा काँचो छाला संकलन केन्द्र, हेटौडा सिमेन्ट उद्योग, भृकुटी कागज कारखाना, गोरखकाली टायर उद्योग, बाँसबारी छाला जुत्ता कारखाना, साझा बस, टूलि बस, बुटवल धागो उद्योग, विराटनगर जुट मिल जस्ता ख्यातिप्राप्त उद्योगहरु राजनीतिक पार्टीका झोलेहरुको मजदुर युनियन, कर्मचारी युनियन, ट्रेड युनियन जस्ता संगठनको नाममा मौलाएको भ्रष्टाचारकै कारण धाराशायी भएको हो। राजनीतिक भाग वण्डाकै आधारमा राज्यको सँबैधानिक उच्चतह र राज्यको प्रतिनिधित्व गर्ने राजदुत जस्तो गरिमामय पदमासमेत योग्य, विज्ञ, अनुभवी विद्धान र इमान्दार व्यक्तित्व चयन गर्नुको सट्टा आफ्नै नातागोता र झोलेहरु पठाउने गर्नाले राज्यकै बदनाम भएको सर्वविदितै छ। यस्तो धिनलाग्दो कार्य बालेन सरकारले उन्मुलन गरेकोमा नेपाली जनताले बालेन सरकारको उच्च प्रशंसा गरेका छन् । यस्तै प्रशंसनीय कार्यहरु संधैं देख्न पाउँ भन्ने कामना गर्दछौं ।

त्यत्तिमात्र होइन, सरकारी सुख सुविधाको नाउमा पूर्व नेताहरुले प्रयोग गरेका करोडौंको सवारी तथा इन्धन सुविधा र सुरक्षा गार्डहरु फिर्ता बोलाएर ज्यादै प्रशंसनीय कार्य गरेको छ तर त्यत्तिले मात्र पुग्दैन । राष्ट्रिय ढुकुटी दोहन गर्न भैंसीजुका झैं टाँस्सिएका सम्पूर्ण नेताहरु पूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रधाननमन्त्री, उपप्रधानमन्त्री, सभामुख, उपसभामुख, गृहमन्त्री, राजदुतहरु आदि इत्यादिहरुले खाइपाई आएका आवास, हुक्के, बैठके, सुरक्षा गार्डहरुको समेत दिनुपर्ने तलब सुविधा लगायत सम्पूर्ण सुविधाहरु कटौती गर्नैपर्छ ।

उनीहरु खान, लाउन नसक्ने गरिव सर्वहारा होइनन् । आफ्नो सुरक्षार्थ बडीगार्ड राख्नै नसक्ने पनि होइन । उनीहरुको सबैको विघौं विघा जमिन छ। घरमा कामगर्ने हरुवा, चरुवा, खेताला प्रशस्त छन। सिटामोल र एकछाक खाना नपाई मर्नेहरुको यो देशमा लाखौंको सुविध दिएर यी डाँकाहरुलाई किन पाल्नुपऱ्यो ? सरकारले यो कुरो निकै गम्भीरता पूर्वक लिन जरुरी छ। बालेन सरकारको आगामी कदममा यो कार्यले प्राथमिकता पाओस् भन्ने कामना गर्दछु ।



हिजो जेठ १८ गते पार्टी सभापति रवि लामिछानेज्यु भारतीय प्रधानमन्त्रीको निमन्त्रणामा भारत भ्रमणमा जानु भएको छ। प्रधानमन्त्रीबाहेक पार्टी सभापतिलाई भारत सरकारले निमन्त्रणा गरेको घटना विरलै छ। तथापि भारत सरकारलाई धन्यवाद । साझा संस्कृति र रोटीबेटीको ऐतिहासिक सम्बन्ध रहेको भारतको बारेमा यहाँ भनि रहनै परेन । छिमेकी राष्ट्रको नाताले भारतलाई हाम्रो उच्च सम्मान छ, सम्मान रहिरहनेछ। तर, बिगत लामो समय अर्थात् ई. १८१६ को सुगौली सन्धिदेखि नै नेपाललाई हेर्ने दृष्टिमा भारतको छिमेकीपन नदेख्दा हाम्रो मन तडपिएको छ। सबुत प्रमाणले नेपाली भुमि हो भन्ने थाहा हुँदाहुँदै पनि दार्चुलाको पश्चिमी भुभाग जबर जस्ती अतिक्रमण गर्नु, दशगजाको हजारौं हेक्टर जमिन अतिक्रमण गर्नु, भारतीय प्रहरी जवानहरु बिनाअनुमती नेपाल सरहद प्रवेश गरेर हुलदंगा मच्चाउनु, यो हेपाहा प्रवृतिको नमूना होइन र ?

भुगोल र जनसंख्यामा हामी अवश्य साना छौं तर राष्ट्रियता, राष्ट्रिय स्वाधिनता र सार्वभौमिकताको सवालमा हामी साना छैनौ । यो कुरा भारतीय राजनीतिज्ञहरुले राम्ररी बुझ्नु जरुरी छ। १८१६ को सन्धिलाई अक्षरस पालन गर्नु पनि जरुरी छ । फेरि पनि हामी माथि गिद्धेदृष्टि किन ? बल मिच्याईं किन ? हेप्ने किन ? यहि कुरा सबैभन्दा पेचिलो छ। ग्रेटर नेपालको कुरा अन्तर्राष्ट्रिय इस्यु हुनसक्छ । त्यो विषय पनि विस्तारै उठान हुनसक्छ, तर अहिलेको भ्रमणमा होइन । भाजपा र रास्वपाबीचको अन्तरसम्बन्ध, दुई राष्ट्रबीचको कूटनीतिक एवम् पारस्परिक सम्बन्ध र भूमी अतिक्रमण बारे गहन छलफल हुनेमा शँका छैन ।

अत: श्रद्धेय नेता रवि लामिछानेज्युले दुई राष्ट्रवीचको कूटनीतिक एवम् पारस्परिक सम्बन्ध- लाई अझ प्रगाढ बनाउँदै नेपालको अतिक्रमित भुभाग फिर्ता ल्याउने कार्यमा सुझबुझका साथ भारतीय उच्च पदाधिकारी हरुसंग छलफल गर्नेछ र अतिक्रमित भूमी फिर्ता ल्याउनेछ भन्नेमा नेपालीहरु विश्वस्त छन् भन्दा अत्युक्ति नहोला । सभापति रवि लामिछानेज्युको भारत भ्रमण सफल रहोस् ।
सबैको शुभकामना ॥.

# धार्मिक संघ-संस्थामा विधान कार्यान्वयनको सवाल



✍ श्रीधर अधिकारी

धार्मिक संघ-संस्था समाजका नैतिक, आध्यात्मिक र सांस्कृतिक आधारस्तम्भ मानिन्छन् । यस्ता संस्थाले समाजलाई केवल पूजा/आराधना वा धार्मिक शिक्षामात्र प्रदान गर्दैनन्, मानवता, अनुशासन, सहकार्य, सहिष्णुता र सामाजिक सद्भावको मार्ग पनि देखाउँछन् । तर कुनै पनि संस्था केवल भावना, आस्था वा व्यक्तिको प्रभावका आधारमा मात्र दीर्घकालीन रूपमा सञ्चालन हुन सक्दैन । संस्थालाई व्यवस्थित, पारदर्शी, उत्तरदायी र मर्यादित बनाउन स्पष्ट नियम, नीति र संरचना आवश्यक हुन्छ, जसलाई सामान्यत: विधान भनिन्छ ।

विधान कुनै पनि धार्मिक संघ-संस्थाको मेरुदण्ड हो । यसले संस्थाको उद्देश्य, कार्यक्षेत्र, अधिकार, कर्तव्य, निर्णय प्रक्रिया, आर्थिक, प्रसाशनिक सेवा सञ्चालन, नेतृत्व चयन तथा अनुशासनसम्बन्धी व्यवस्था निर्धारण गर्दछ । विधानले संस्था व्यक्ति केन्द्रित नभई प्रणाली केन्द्रित बनाउँछ । तर विडम्बना के छ भने कतिपय धार्मिक संस्थाहरूमा विधान त बनाइन्छ तर त्यसको कार्यान्वयन अत्यन्त फितलो हुन्छ । परिणामस्वरूप संस्था विवाद, गुटबन्दी, आर्थिक अपारदर्शिता, पदमोह र अविश्वासको शिकार बन्न पुग्छ । यसैले धार्मिक संघ-संस्थामा विधानको अपरिहार्यता र त्यसको प्रभावकारी कार्यान्वयन किन आवश्यक छ भन्ने विषय आज अत्यन्त सान्दर्भिक बनेको छ ।

विधानले कुनै पनि संघ संस्था कसरी सञ्चालन हुने कसले नेतृत्व गर्ने सदस्यता वितरण प्रक्रिया जस्ता कानुनी आधार आर्थिक ब्यवस्था कसरी चल्ने संस्था सञ्चालनका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्दछ । अझ भन्ने हो भने विधानले पदाधिकारी, सदस्य तथा समितिहरूको अधिकार र जिम्मेवारी स्पष्ट निर्धारण गर्ने हुँदा शक्ति दुरुपयोग रोक्न मद्दत गर्दछ । यदि विधान नभए संस्था व्यक्तिको इच्छा, शक्ति वा प्रभावका आधारमा चल्न थाल्छ, जसले अराजकता निम्त्याउँछ, ब्यक्तिवादी प्रवृत्ति हावी हुने जस्ता नकारात्क प्रभाव देखिन्छ । धार्मिक संस्था आस्थासँग जोडिएको विषय भएकाले त्यहाँ अनुशासन झन् आवश्यक हुन्छ । अनुशासन विहीन धार्मिक संस्था समाजका लागि प्रेरणाको स्रोत बन्न सक्दैन ।

यदि अधिकार र जिम्मेवारी स्पष्ट भएन भने एक व्यक्तिले सम्पूर्ण निर्णय कब्जा गर्ने, अर्को पक्षलाई बेवास्ता गर्ने वा संस्थालाई निजी सम्पत्ति जस्तै प्रयोग गर्ने प्रवृत्ति बढ्न सक्छ । जसले अधिकार र कर्तव्य स्पष्ट बनाउनुका साथै धार्मिक संस्थामा श्रद्धालु तथा दाताबाट संकलित रकम, जग्गा, सम्पत्ति वा अन्य स्रोतको उचित व्यवस्थापन आर्थिक सञ्चालन, लेखापरीक्षण तथा प्रतिवेदन प्रणाली निर्धारण गरेर पारदर्शिता र उत्तरदायित्व कायम गर्न मद्दत गर्नुका साथ संस्थाप्रति सदस्य र समाजको विश्वास कायम गरी धार्मिक संस्था पनि समाजको एक अंग भएकाले लोकतान्त्रिक अभ्यास आवश्यक हुन्छ निर्वाचन, साधारणसभा, निर्णय प्रक्रिया तथा सहभागितामूलक नेतृत्वको व्यवस्था गर्न लोकतान्त्रिक अभ्यास प्रवर्द्धन गर्ने हुँदा व्यक्तिवाद, परिवारवाद वा समूहवादलाई नियन्त्रण गरी संस्थालाई साझा स्वामित्वको भावनामा अघि बढाउनुका साथै संस्थामा उत्पन्न हुने मतभेद वा विवाद समाधानका लागि कानुनी तथा संस्थागत आधार प्रदान गरी कार्यान्वयन प्रभावकारी भए विवाद भावनात्मक वा व्यक्तिगत झगडामा परिणत हुन नदिई समाधान गर्न समेत विधानको महत्वपूर्ण भूमिका रहने हुँदा विधानविनाको संस्था दिशाहीन समूह जस्तै बनेको देख्न सकिन्छ । धेरै धार्मिक तथा सामाजिक संस्थामा : ब्यक्ति केन्द्रित निर्णय, पदको दुरुपयोग, परिवारवाद, गुटबन्दी देखिन्छ यदि विधान बलियोरुपमा लागु भयो भने निर्णय प्रक्रिया ब्यवस्थित हुने, अधिकार सीमित हुने र संस्था ब्यक्तिभन्दा प्रणालीमा चल्न थाल्छ । विधानले अधिकार, कर्तब्य, कार्यकाल, निर्वाचन प्रक्रिया, अनुशासन स्पष्ट गर्छ । यसले मनपरी निर्णय र आन्तरिक विवाद कम गर्न सहयोग गर्छ। धार्मिक संस्थामा जनविश्वास अत्यन्त महत्वपूर्ण हुन्छ यदि हिसावकिताव अस्पष्ट भयो, भेटी, चन्दाको दुरुपयोग भयो, निर्णय गोप्य भयो भने संस्था विवादमा पर्न सक्छ । विधानले समयमा लेखा परीक्षण, साधारणसभा, आर्थिक प्रतिवेदन जस्ता प्रक्रिया अनिवार्य बनाएर पारदर्शिता कायम गर्न सक्छ । धार्मिक संस्थामा जनविश्वास अत्यन्त महत्वपूर्ण हुन्छ । धेरै संस्था समयसँगै मूल उद्देश्यबाट विचलित हुने, सेवा भन्दा राजनीति बढ्ने, धर्म भन्दा पद मोह हावी हुने अवस्था देखिन्छ विधानले आफ्नो मूल उद्देश्य सम्झाइर हन्छ। यदि स्पष्ट विधान भएन भने पद नछोड्ने प्रवृत्ति, आजीवन नेतृत्व, शक्ति संघर्ष बढ्न सक्छ। विधानले नेतृत्व हस्तान्तरणलाई शान्तिपूर्ण र लोकतान्त्रिक बनाउँछ ।

धार्मिक संस्था केवल प्रशासनिक निकाय मात्र होइन, त्यो आस्था, संस्कार र समाजसँग जोडिएको संस्था हो। यदि त्यहाँ स्वार्थ, राजनीति, अपारदर्शिता र पदमोह बढ्यो भने समाजको विश्वास नै कमजोर हुन जान्छ। विधान संस्था चलाउने कागज मात्र होइन, यो संस्थाको चरित्र, अनुशासन संस्थागत मर्यादा सामूहिक उत्तरदायित्व जोगाउने माध्यम र भविष्य निर्धारण गर्ने आधार हो । जहाँ विधान कमजोर हुन्छ त्यहाँ ब्यक्ति बलियो, प्रणाली कमजोर, बढी विवाद, उद्देश्य विहन तर जहाँ विधानको सम्मान र कार्यान्वयन हुन्छ त्यहाँ सुशासन, पारदर्शिता उत्तरदायित्व दीर्घकालीन स्थायित्व मजबुत हुने हुँदा संघ-संस्थामा विधानको आवश्यकता अपरिहार्य देखिन्छ ।

***विधानको फितलो कार्यान्वयनबाट हुने नकारात्मक प्रभाव :***

धेरै धार्मिक संस्थाहरूमा समस्या विधान नहुनु भन्दा पनि भएको विधान कार्यान्वयन नहुनु हो । विधान केवल दर्ताका लागि तयार गरिन्छ, व्यवहारमा लागू गरिदैन। यसबाट विभिन्न नकारात्मक असर देखिन्छन्। जब विधान कार्यान्वयन हुँदैन, संस्था निश्चित व्यक्तिको नियन्त्रणमा पुग्छ। निर्णय सामूहिकभन्दा व्यक्तिगत हुन थाल्छ । व्यक्तिकेन्द्रित प्रवृत्तिको विकास गराउँछ। कतिपय धार्मिक संस्थामा अध्यक्ष वा केही प्रभावशाली व्यक्तिहरूले वर्षौंसम्म पद नछोड्ने, निर्वाचन नगराउने वा आफ्नो समूहलाई मात्र प्राथमिकता दिने प्रवृत्ति देखिन्छ । यसले संस्थालाई लोकतान्त्रिक नभई निरंकुश बनाउँछ । त्यस्तै विधान कार्यान्वयन फितलो हुँदा पदलाई सेवाभन्दा प्रतिष्ठा र शक्ति प्राप्तिको माध्यम मान्ने प्रवृत्ति बढ्छ। यसले संस्थाभित्र गुटबन्दी, आरोप-प्रत्यारोप र आपसी द्वेष बढाउँछ। धार्मिक संस्थामा देखिने यस्तो विभाजनले समाजमा पनि नकारात्मक सन्देश प्रवाह गर्छ । यसैगरी अर्को नकारात्मक प्रभावमा आर्थिक अपारदर्शिता र भ्रष्टाचारले बढावा पाउनु हो । प्रतिवेदन सार्वजनिक नगर्नु गम्भीर समस्या हो ।

*साभर : नयाँ युगबोध दैनिक*

# 'लिलामको झमेलाले अस्पताल बने कवाडी गोदाम'



✍ विदुर दाहाल

त्रिभुवन विश्वविद्यालयका ठूला शैक्षिक तथा प्रशासनिक एकाइहरूमा पुराना सरसामान किन जथाभावी छरपस्ट भएका होलान ? तिनलाई किन बेलैमा व्यवस्थापन नगरिएको होला भनेर पहिले-पहिले घोत्लिन्थैं । समय सधैं एकैनाश रहेन । दिन बित्दै जाँदा कार्यरत संस्थाले तिनै पुराना जिन्सी सामान र उपकरण लिलाम बिक्री गराउने अभिभारा दियो मलाई ।

जिम्मेवारी सम्हालेपछि स्थापनाकाल (२०४० साल) देखिका पुराना जिन्सी सामान र उपकरणहरूलाई कम्प्युटर प्रणालीमा प्रविष्ट गराउन सुरु गरेँ । वर्षौंदेखि थुपारेका सामानलाई लिलाम बिक्री गर्न सजिलो छैन भनेर अत्याइरहे अरूले मलाई । बायोमेडिकल इन्जिनियरहरूले दिएको प्रतिवेदन देख्दा आफैं आत्तिएँ । प्रतिवेदनमा' मर्मत गर्न नसकिने', 'मर्मत गर्दा नयाँभन्दा महँगो पर्ने', 'मर्मत गरे पनि गुणस्तरीय नतिजा नदिने' तथा "सामान दुरुस्त रहे पनि प्रविधिको परिवर्तनले प्रयोगमा ल्याउन नसकिने' भनी प्रमाणित गरिएका थिए । विगतमा वार्षिक रूपमा लिलाम गर्नुपर्ने वा मर्मत गर्नुपर्ने सामानको कुनै चुस्त जिन्सी प्रतिवेदन थिएन । तैपनि, व्यवस्थापनको हुटहुटी हुँदा कामलाई निरन्तरता दिनु कर्तव्य थियो ।

***प्रविधिको फड्कोले थुप्रिएका सामान***

प्रविधिको द्रुत परिवर्तनसँगै स्वास्थ्य क्षेत्रमा उपयोग हुने उपकरण र सामग्रीहरू पनि तीव्र गतिमा बदलिएका छन् । कुनै बेला अस्पतालमा विकल्प थिएन, बिरामी राख्न काठका खाट उपयोग गरिन्थ्यो । काठका चेपहरूमा उडुस परेर बिरामी थप हैरान हुन्थे । समयक्रममा काठका बेडलाई फलाम र स्टिलका बेडले विस्थापित गरे । त्यो तत्कालीन आवश्यकता थियो ।

तर, बिरामीको सहजताका लागि प्रविधि त्यतिमा मात्र रोकिएन । हाइड्रोलिक र विद्युतीय बेडहरू बजारमा आए । अस्पतालले बिरामीलाई आधुनिक सुविधा दिनैपर्थ्यो र दियो । परिणामस्वरूप, हिजोका काठ, फलाम र स्टिलका प्यासेन्ट बेड ' बेकामे' बने । ती सामानहरू प्रयोग गर्न मिल्ने भए पनि प्रविधिको हिसाबले पुराना भइसकेका थिए । तर, विद्यमान ऐन-नियमको जटिलताका कारण प्राविधिकहरूले सिधै 'बेकामे' भनेर लेख्न सकेनन् । अन्ततः ती सामान स्टोरमै थन्किए ।

यस्तै अवस्था मेडिकल उपकरणमा पनि देखिन्छ । उन्नत पुस्ताका एम.आर.आई. र एक्सरे मेसिन बजारमा आउनासाथ चलिरहेका पुराना मेसिनको उपादेयता सकियो । चलिरहेको उपकरणलाई कसरी र कुन आधारमा लिलाम गर्ने? पुरानो प्रविधिको एमआरआई मेसिनलाई कसले किन्ने? त्यसमा रेडियोधर्मी विकिरणको जोखिम हुन्छ । जथाभावी बेच्नु मानव स्वास्थ्य र वातावरणलाई संकटमा पार्नु हो । त्यसको विसर्जन सजिलो छैन, बरु उल्टै अतिरिक्त रकम तिर्नुपर्छ ।

त्यस्तै, अस्पतालमा 'फोर्सेप' (समात्ने र च्याप्ने औजार) अत्यावश्यक हुन्छ, जसको खरिद मूल्य हजारौं पर्छ । तर, काम नलाग्ने भएर बेच्नुपर्यो भने कवाडीले त्यसलाई प्रतिकिलोको भाउमा पनि किन्दैनन् । त्यति मात्र होइन, प्रयोगशालाका 'रि-एजेन्ट' (रसायन) बेच्ने कम्पनीहरूले कतिपय महँगा मेसिनहरू अस्पताललाई सित्तैमा दिन्छन्, जसको स्रेस्तामा मूल्य तोकिएको हुँदैन । रि-एजेन्टको मूल्य आपूर्तिकर्ताले अचाक्ली बढाएपछि अस्पतालले अर्को टेन्डर गर्छ वा अर्कै कम्पनीबाट नयाँ मेसिन सित्तैमा लिन्छ, तब त्यो पुरानो मेसिन व्यवस्थापन गर्न सजिलो हुँदैन । त्यस्ता उपकरण र सामान अस्पतालमा प्रतिनिधि उदाहरण मात्र हुन् ।

***नियमको छिद्र र कर्मचारीको त्रास***

अस्पतालमा अडिट (लेखापरीक्षण) गर्न आउने टोलीले स्वास्थ्य क्षेत्रको यो प्राविधिक र व्यावहारिक जटिलता बुझ्दैनन् । बुझाउन खोज्यो भने उल्टै नियमका छिद्रहरू देखाउँदै सामानको ऐतिहासिक खरिद मूल्यलाई आधार मानेर लिलाम मूल्य कायम गर्न निर्देशन दिन्छन् । यसले समस्या सिर्जना गर्छ ।

सरकारी अस्पतालमा जिन्सी सामान र उपकरण लिलाम गर्नु चुनौती मात्र होइन, ठूलो झमेला र जोखिमको विषय हुन्छ । यही झमेलाका कारण आज अस्पतालका परिसर, प्यासेज र जंकयार्डहरू पुराना सामानले भरिएका छन् । साँच्चिकै, सार्वजनिक निकाय, त्यसमा पनि अस्पतालहरूमा लिलाम प्रक्रिया सबैभन्दा जटिल छ । ठूला अस्पतालहरू अरू सामान्य प्रशासनिक सरकारी कार्यालयजस्ता हुँदैनन्, जहाँ दैनिक रूपमा सयौं प्रकारका विशिष्ट सामान किन्नुपर्छ । एउटा-एउटा सामान लिलाम गरेर साध्य हुँदैन । हेर्दा राम्रा र बलिया देखिए पनि प्रविधिको असान्दर्भिकता (इदकय( भिकअभलअभ) का कारण प्रयोग गर्न नमिल्ने भइसकेका हुन्छन् । तिनलाई लिलाम गर्न हाम्रा पुरातन नियम-कानुन बाधक छन् ।

धेरैजसो सार्वजनिक निकायमा लिलाम प्रक्रियाका लागि छुट्टै विज्ञ एकाइ हुँदैन । भए पनि अख्तियार, महालेखा र मुद्दा-मामिलाको डरले कर्मचारीहरू लिलामको फाइल छुन हच्किन्छन् । विद्यमान खरिद नियमलाई हुबहु पालना गरेर अस्पतालका उपकरण लिलाम गर्नै सकिँदैन । अरूलाई उपचार गरेर निको बनाउने अस्पतालहरू आज आफैं कवाडी सामानको 'क्रोनिक' रोगबाट ग्रसित छन् ।

वर्षौंदेखि गुजुल्टिएको यो विकराल समस्यालाई सल्टाउन पदाधिकारीले जोखिम बहन गर्नैपर्छ र नियामक निकायले पनि फरक ढङ्गले त्यसलाई हेर्नुपर्छ ।

***मुख्य समस्या र निकासको बाटो***

आज सरकारी अस्पतालहरू कवाडी गोदाममा परिणत हुनुका मुख्य कारणहरू निम्नानुसार छन अव्यावहारिक ऐन-नियम: स्वास्थ्य उपकरणको विशिष्टतालाई नसमेट्ने खालको सार्वजनिक खरिद तथा आर्थिक व्यवस्थापन नियम ।

जवाफदेहिताको डर: काम गर्दा अख्तियार वा मुद्दामा फसिने डरले प्राविधिकहरू स्पष्ट प्रतिवेदन दिन डराउनु र त्यसैका आधारमा लिलाम गर्न नसक्नु ।

भण्डारण र क्षयीकरण: एकातिर राख्ने ठाउँ हुँदैन, अर्कातिर खुला आकाशमुनि राख्दा वर्षौंसम्म घामपानीले कुहिएर सामान मूल्यहीन तथा पत्रु बन्नु । पछिल्ला दिनमा सामान भण्डार गर्ने ठाउँ नहुनु ।

भौतिक सम्परीक्षणको जटिलता: विगतमा कम्प्युटर प्रणाली नहुँदा भद्रगोल रूपमा थुपारिएका सामानको अहिले भौतिक प्रमाणीकरण गर्न सम्भव छैन । जिन्सी निरीक्षण प्रतिवेदन विगतमा नबनाएकाले अहिले बनाउँदा त्यो अपुरो हुन्छ ।

गुजुल्टिएका विद्यमान नियमले सहजीकरण नगर्दा काम फत्ते गर्न नसकिने अवस्था भयो । नियमनकारी निकायका पदाधिकारीहरू व्यावहारिक धरातल बुझ्न तयार देखिँदैनन् । वर्षौं अगाडिको प्रतिवेदन अहिलेका कर्मचारीले कुन आधारमा दिने? लिलाम नगरेको भन्दै कुन-कुन अधिकारी र कर्मचारीलाई कारबाही गर्ने अब?

अस्पताललाई कवाडीको डम्पिङ साइट बन्नबाट जोगाउने हो भने सरकारले यसलाई फरक ढङ्गले सोच्नुपर्छ । कर्मचारीको नियतमा मात्र खोट देख्ने प्रवृत्ति बन्द गरिनुपर्छ । अस्पताल र स्वास्थ्य उपकरणको हकमा सहज लिलाम र विसर्जनको कार्यविधि ल्याउनु आवश्यक छ । वर्षौंदेखिको यो विकराल समस्यालाई सल्टाउन पदाधिकारीले पनि एउटा तहको जोखिम बहन गर्नुपर्छ । त्यति मात्र होइन, भविष्यका लागि नीतिगत सहजीकरण नगर्ने हो भने हाम्रा अस्पतालहरू उपचार केन्द्र होइन, कवाडी गोदामकै रूपमा कुरूप रहिरहनेछन् ।

# फ्रान्स कसरी बन्यो विश्व फुटबलमा प्रतिभाशाली खेलाडीको भण्डार ?



फ्रान्सेली राष्ट्रिय फुटबल टोली 'ले ब्लु' अहिले विश्व फुटबलको सबैभन्दा प्रतिभाशाली टोलीमध्ये एक मानिन्छ । बेल्जियमका डिफेन्डर थोमस म्युनियरले हालै फ्रान्ससँग विश्वकप जित्न सक्ने क्षमता भएका ३ वटा फरक टोली बनाउन सकिने टिप्पणी गरेपछि यो विषय झन् चर्चामा आएको छ । स्पेनसँगै आगामी विश्वकप २०२६ को उपाधि दाबेदार मानिएको फ्रान्ससँग यति धेरै प्रतिभाशाली खेलाडी छन् कि राष्ट्रिय टोलीमा स्थान नपाएका खेलाडीहरूको मूल्यांकन मात्र पनि विश्वका शीर्ष टोलीहरूसँग प्रतिस्पर्धा गर्न सक्ने स्तरको छ । ट्रान्सफर मार्केटका अनुसार राष्ट्रिय टोलीमा नपरेका फ्रान्सेली खेलाडीहरूको संयुक्त बजार मूल्य ४१८ मिलियन युरोभन्दा बढी छ ।

***प्रतिभा उत्पादनको आधार : प्रशिक्षण केन्द्रहरू***

फ्रान्सको सफलताको कथा सन् १९७० को दशकबाट सुरु हुन्छ । त्यसअघि अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा लगातार असफल भएपछि फ्रान्सेली फुटबल महासंघले देशभर 'सेन्टर डे फोर्मासियोन' अर्थात् प्रशिक्षण एकेडेमी स्थापना गर्ने योजना अघि बढायो । सन् १९७४ मा पहिलो प्रशिक्षण केन्द्र स्थापना गरियो । पछि देशभर १६ वटा केन्द्र सञ्चालनमा आए । यी केन्द्रहरूले देशका विभिन्न क्षेत्र तथा विदेशस्थित फ्रान्सेली भूभागबाट प्रतिभाशाली बाल खेलाडी छनोट गरी व्यावसायिक फुटबलका लागि तयार पार्न थाले । यसको प्रतिफल केही दशकपछि देखिन थाल्यो । सन् १९९८ मा घरेलु मैदानमा आयोजित विश्वकपमा फ्रान्सले पहिलोपटक उपाधि जित्यो । विविध जातीय तथा सांस्कृतिक पृष्ठभूमिका खेलाडी समेटिएको उक्त टोलीलाई 'ब्ल्याक-ब्लांक-बेउर' टोलीको नामले चिनिन्थ्यो ।

***आप्रवासन र प्रतिभाको संयोजन***

पूर्वकप्तान तथा गोलकिपर बर्नार्ड लामाका अनुसार फ्रान्सको सफलतामा प्रशिक्षण प्रणालीसँगै आप्रवासी समुदायको ठुलो योगदान छ । अफ्रिका, फ्रेन्च गयाना, मार्टिनिकलगायत क्षेत्रबाट आएका परिवारका सन्तानहरूले फ्रान्सेली फुटबललाई नयाँ ऊर्जा र प्रतिभा दिएका छन् । अहिलेका स्टार खेलाडी उस्मान डेम्बेले, डिजिरे डुएजस्ता खेलाडी फ्रान्समै हुर्किएका नयाँ पुस्ताका प्रतिनिधि हुन् । लामाका अनुसार यी खेलाडीहरूमा प्रतिभासँगै सफलता हासिल गर्ने तीव्र चाहना पनि रहेको छ । यही कारणले फ्रान्ससँग किलियन एमबाप्पे, डेम्बेले, डुए, रायन चेर्की र माघनेस आक्लिउसजस्ता खेलाडीहरू छन्, जसले कुनै पनि क्षण खेलको नतिजा बदल्न सक्छन् ।

***बाल्यकालदेखि नै फुटबल संस्कृति***

फ्रान्समा फुटबल केवल खेल मात्र नभई संस्कृतिको हिस्सा बनेको छ । राष्ट्रिय फुटबल प्रशिक्षण केन्द्र क्लेयरफोन्टेनका प्रशासक फ्रान्क बेन्टोलिलाका अनुसार फ्रान्सका अधिकांश बालबालिकाले सानैदेखि फुटबल खेल्न सुरु गर्छन् र खेल मैदानमा सहज पहुँच पाउँछन् । यहाँ प्रशिक्षणमा व्यक्तिगत सीप विकासलाई विशेष प्राथमिकता दिइन्छ । ड्रिब्लिङ, बल नियन्त्रण, एक-विरुद्ध-एक तथा साना समूहमा खेल्ने अभ्यासमार्फत खेलाडीहरूलाई सिर्जनात्मक र आत्मविश्वासी बनाइन्छ ।

***पेरिस : प्रतिभाको केन्द्र***

बेन्टोलिलाका अनुसार राजधानी पेरिस विश्वकै उत्कृष्ट प्रतिभा उत्पादन गर्ने क्षेत्रमध्ये एक हो । यहाँका निजी तथा सामुदायिक एकेडेमीहरूमा बालबालिकाहरू दैनिक रूपमा फुटबल खेल्छन् । धेरै स्थानीय क्लबका युवा टोलीहरूले बार्सिलोना वा अन्य व्यावसायिक क्लबका उमेर समूहलाई समेत चुनौती दिन सक्ने क्षमता राख्छन् । सानो उमेरदेखि नै ठुलो प्रतिस्पर्धा र दबाबमा खेल्ने अवसर पाएका कारण फ्रान्सेली खेलाडीहरू मानसिक र प्राविधिक रूपमा बलिया बन्दै जान्छन् ।

***शिक्षा र खेल सँगसँगै***

ब्राजिलमा जस्तै दिनभर फुटबल खेल्ने संस्कृतिभन्दा फरक, फ्रान्सले शिक्षा र खेललाई समान महत्व दिएको छ । यहाँ बालबालिकाले पहिले विद्यालय शिक्षा पूरा गर्छन् र त्यसपछि नियमित फुटबल प्रशिक्षण लिन्छन् । विशेषज्ञहरूका अनुसार यही व्यवस्थित संरचना, दीर्घकालीन योजना, पारिवारिक वातावरणसँगको सम्बन्ध र निरन्तर खेल अभ्यासले फ्रान्सलाई विश्व फुटबलको सबैभन्दा ठुलो प्रतिभा उत्पादक राष्ट्र बनाएको हो । विश्वकप २०२६ नजिकिँदै गर्दा फ्रान्ससँग केवल बलियो टोली मात्र होइन, भविष्यका लागिसमेत असंख्य प्रतिभाहरूको विशाल भण्डार रहेको स्पष्ट देखिन्छ ।

*२ वर्षमै आरसिबीको कायापलट :*

# चोकरको छवि तोड्दै लगातार दोस्रोपटक आइपिएल च्याम्पियन




काठमाडौं/एक समय इन्डियन प्रिमियर लिग (आइपिएल) को सबैभन्दा लोकप्रिय तर उपाधिविहीन टोलीका रूपमा चिनिएको रोयल च्यालेन्जर्स बेंगलोर (आरसिबी) अहिले लगातार दोस्रोपटक च्याम्पियन बनेर नयाँ इतिहास रच्न सफल भएको छ । वर्षौंसम्म असफलताको पीडा भोगेको आरसिबीले पछिल्ला २ सिजनमा गरेको उल्लेखनीय परिवर्तनले टोलीलाई 'चोकर' को छविबाट बाहिर निकाल्दै सफलताको शिखरमा पुर्‍याएको छ । आइपिएल-२०२६ को फाइनलमा गुजरात टाइटन्सलाई ५ विकेटले पराजित गर्दै आरसिबीले लगातार दोस्रो उपाधि जित्यो । अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा सम्पन्न फाइनलमा गुजरातले दिएको १५६ रनको लक्ष्य आरसिबीले १५ ओभरमै ५ विकेट गुमाएर पूरा गर्‍यो ।

टोलीको जितमा अनुभवी ब्याटर विराट कोहली नायक बने । उनले अविजित ७५ रनको शानदार इनिङ खेल्दै टोलीलाई सहज जित दिलाए । कोहलीले केवल २५ बलमा अर्धशतक पूरा गर्दै आइपिएल फाइनलमा आफ्नो सबैभन्दा तीव्र अर्धशतकको कीर्तिमानसमेत बनाए । आरसिबीको यो सफलता आकस्मिक नभई योजनाबद्ध परिवर्तनको परिणाम मानिएको छ । विगत १७ वर्षसम्म विराट कोहली, एबी डिभिलियर्स र क्रिस गेलजस्ता विश्वस्तरीय ब्याटरहरू टोलीमा हुँदा पनि आरसिबीले उपाधि जित्न सकेको थिएन । टोलीको रणनीति केही स्टार खेलाडीहरूमा अत्यधिक निर्भर रहँदा सन्तुलित संयोजन निर्माण हुन सकेन । फलस्वरूप, टोलीले २००९, २०११ र २०१६ मा फाइनल यात्रा तय गरे पनि उपाधि जित्न असफल रह्यो ।

परिवर्तनको सुरुआत सन् २०२५ को मेगा अक्सनअघि भएको मानिन्छ । आरसिबी व्यवस्थापनले आफ्नो पुरानो संरचनाको समीक्षा गर्दै टोलीका कमजोरीहरू पहिचान गर्‍यो । मुख्य प्रशिक्षक एन्डी फ्लावरको नेतृत्वमा टोलीलाई नयाँ ढंगले निर्माण गर्ने योजना बनाइयो । फ्लावरले टोलीलाई केवल स्टार खेलाडीमा निर्भर राख्ने पुरानो सोच अन्त्य गर्दै सबै विभागमा सन्तुलन कायम गर्ने रणनीति अपनाए । मेगा अक्सनअघि आरसिबीले विराट कोहली, रजत पाटीदार र यश दयाललाई मात्र रिटेन गर्‍यो । त्यसपछि टोलीले ठुलो नामभन्दा पनि उपयोगी र प्रभावकारी खेलाडी छनोटमा जोड दियो । फिल साल्ट, जितेश शर्मा, देवदत्त पडिक्कल, टिम डेभिड र क्रुणाल पाण्ड्याजस्ता खेलाडीलाई अनुबन्ध गर्दै ब्याटिङ लाइनअपलाई थप गहिरो बनाइयो । साथै भुवनेश्वर कुमार, जोश हेजलवुड र रसिख सलाम दारलाई टोलीमा भित्र्याएर बलिङ आक्रमणलाई मजबुत बनाइयो ।

यसैको परिणामस्वरूप आरसिबीले २०२५ मा लामो प्रतीक्षापछि पहिलोपटक आइपिएल उपाधि जित्न सफल भयो । उपाधिपछि पनि टोली व्यवस्थापन सन्तुष्ट बनेन ।

२०२६ सिजनअघि टोलीलाई अझ बलियो बनाउने उद्देश्यसहित केही नयाँ परिवर्तन गरियो । लियाम लिभिङस्टोन र लुंगी एन्गिडीलाई रिलिज गर्दै ज्याकब डफी र वेंकटेश अय्यरलाई टोलीमा समावेश गरियो । यी २ खेलाडीले टोलीको प्रदर्शनमा महत्वपूर्ण योगदान पुर्‍याए ।

## अवार्ड विजेता ६ चिनियाँ फिल्मको नेपाल प्रदर्शन सुरु



काठमाडौं/बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट घोषित भएका ६ चिनियाँ फिल्महरूको प्रदर्शन कार्यक्रम काठमाडौंमा मङ्गलबारदेखि सुरु भएको छ ।

बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव प्रवर्द्धन कार्यक्रम 'टियानतान अवार्ड प्यानोरामा' अन्तर्गतको यस कार्यक्रम सागर झान निर्देशित चलचित्र 'ट्र्याप्ड' प्रदर्शनसँगै सुरु भएको हो ।

चीन चलचित्र प्रशासन र बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवले नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानसँग सहकार्य गरेर कार्यक्रम गरेको हो ।

ठमेलस्थित छाया सेन्टरमा आयोजित उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नेपालका लागि चिनियाँ दूतावासका मिनिस्टर काउन्सिलर चउ पान, विशेष अतिथिहरू नेपालका लागि ब्राजिलका कार्यवाहक राजदूत सर्जियो काउटो, नेपालका वरिष्ठ निर्देशक तुलसी घिमिरे अतिथिहरू नेपालका कलाकार सङ्घका अध्यक्ष उत्तम केसी, निर्देशक समाजका अध्यक्ष अरुण प्रधान, नेपाल चलचित्र सङ्घका अध्यक्ष नरेन्द्र महर्जन, नायक प्रमोद अग्रहरीलगायत अन्य चलचित्रकर्मीको बाक्लो उपस्थिति थियो ।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष पाठकले स्वागत मन्तव्य राख्दै यस प्रकारका कार्यक्रमले नेपाल र चीनबिचको मैत्री सम्बन्ध थप प्रगाढ हुने विश्वास राखे । चीनमा नेपाली फिल्म वितरण र प्रदर्शनको पक्षमा सहयोग पुग्ने उनको अपेक्षा छ ।

मिनिस्टर काउन्सिलर पानले चलचित्र मनोरञ्जनको साधन मात्रै नभएको जिकीर गर्दै भने, 'चलचित्रले सामाजिक, राजनीतिक र सामाजिक परिवेश बुझ्न सहयोग गर्छ । यसले दुई देशको सम्बन्धमा थप निकटता ल्याउँछ । यस्ता कार्यक्रमको उद्देश्य नै यही हो ।'

यस्ता कार्यक्रमले दुई देशका चलचित्रकर्मीबिच व्यावसायिक सहकार्यको बाटो खुलाउने उनले धारणा व्यक्त गरे । निर्देशक घिमिरेले चिनियाँ बजारमा नेपाली फिल्म प्रदर्शन र वितरणमा सहयोग र सहकार्यको आवश्यक रहेको बताउँदै सहजीकरणका लागि आग्रह गरे ।

कार्यक्रमको पहिलो फिल्म 'ट्र्याप्ड' प्रदर्शन पश्चात् निर्देशक झानसँग दर्शक र पत्रकारहरूले अन्तरक्रियासमेत गरे । निर्देशक झानले आफ्नो किशोर अवस्थाको कालखण्डमा आफूले देखेको र सम्झना रहेको परिदृश्यलाई उतार्न यो फिल्म बनाएको बताए ।

उनले भने, 'त्यो समयमा मैले देखेको र सम्झना भएको विषयहरूलाई फिल्ममा उतारेको छु ।

# चलचित्र निर्माणमा होमिएका सङ्गीतकर्मी

काठमाडौं/नेपाली चलचित्रको रङ्गीन संसारले सधैं नै विभिन्न क्षेत्रका व्यक्तिहरूलाई आकर्षित गर्दै आएको छ । चलचित्रको व्यावसायिक सफलतासँगै गीत-सङ्गीत क्षेत्रका स्रष्टाहरू पनि चलचित्र निर्माणमा प्रत्यक्ष रूपमा होमिन थालेका छन् ।

गायक, गायिका र सङ्गीतकारहरूका लागि चलचित्र क्षेत्र कुनै नौलो माध्यम होइन, गीत-सङ्गीतमार्फत चलचित्रमा प्राण भर्ने उनीहरूको भूमिका अब केवल स्वर र धुनमा सीमित छैन । अभिनय, लेखन, निर्देशनदेखि लगानी जुटाउने र चलचित्रको समग्र निर्माण प्रक्रियाको नेतृत्व (निर्माता) को भूमिकामा देखापर्न थालेका छन् । चलचित्र निर्माणमा होमिएका केही चर्चित गायक तथा सङ्गीतकारहरू यस प्रकार छन् ।

वरिष्ठ लोकदोहोरी गायक नारायाण रायमाझी पछिल्लो समय फिल्म निर्माण र निर्देशनमा पनि सक्रिय छन् । 'मलाई सम्झी रेलिमै (कार्गील)', 'फुलबुट्टे चोलीमा', 'राम्दीपूल तर्ने बित्तिकै', 'गेटमा बेली जाई', 'कालो केसमा रातो रिबन', 'पसिनाले पैसा साटेर', 'माया पैंचो नदेउ साइँली', 'लाइछौ बेसन', 'नमुछे आमा दहीमा टीका', 'हाँसेर बोलीदेउ माया', 'सान्नानीले झुक्कायो मलाई' लगायत थुप्रै हिट गीतका गायक रायमाझी 'गार्खा पल्टन' फिल्ममा होमिएका थिए ।

२०६७ सालमा प्रदर्शन भएको उक्त फिल्ममा प्रशान्त तामाङ, रन्जिता गुरुङ, सोनिया क्षेत्री लगायतको अभिनय थियो । अहिलेसम्म तीन फिल्म निर्माण निर्देशन गरेका रायमाझीको दोस्रो फिल्म प्रशान्त तामाङ, रजनी केसी अभिनित 'परदेशी' र तेस्रो फिल्म प्रकाश सपुत, दिलीप रायमाझी, प्रशान्त तामाङ, केकी अधिकारी अभिनित 'परदेशी २' हो । रायमाझीको तीनै फिल्म बक्सअफिसमा हिट छन् ।

स्व. लोक गायक जयनन्त लामा कलाकार, फिल्म निर्देशक र निर्माता पनि थिए । 'चुइँ चुइँ चुइँकने जुत्ता', 'कलकत्ते काइँयो', 'मुलाको चाना' जस्ता थुप्रै लोकगीत दिएका लामाले 'माया गर्छु म', 'कर्मको फल' फिल्म निर्माण गरेका थिए ।

फिल्ममा लेखक तथा निर्देशकसमेत उनकै थियो । रमेश उप्रेती र अभिनेत्री झरना बज्राचार्यको मुख्य भूमिका रहेको 'माया गर्छु म'मा र 'कर्मको फल' यी दुवै फिल्म व्यावसायिक सफल भने भएन । ललितकला क्याम्पसबाट संगीतमा स्नातक र भारतको इलाहावादबाट स्नातकोत्तर गरेका उनी २०७८ मा भक्तपुरको मध्यपुरथिमि नगरपालिका-१, कौशलटारस्थित आफ्नै घरअगाडि मृत फेला परेका थिए ।

नेपाली चलचित्र संगीतमा सबैभन्दा लोकप्रिय र सफल संगीतकार हुन् शम्भुजित बास्कोटा । चलचित्र, सुगम संगीत होस् वा आधुनिक नै किन नहोस् उनका गीतले सांगीतिक आकाशमा एउटा सुनौलो अध्याय नै कोरेको छ । 'तिम्रो त्यो हँसिलो मुहारको झझल्को जब आउँछ .....', 'तिमीले भनेका सारा देव छोएर', 'पर्खि बसेँ आउँला भनी...', 'फेवातालको आँगनमा लै लै ...' होस् वा फिल्मको आछा लेकिन लण्डनको चिसोले थुप्रै गीत हिट छन् ।

बास्कोटा केही वर्ष पहिले रिलिज फिल्म 'चौका दाउ'बाट निर्माता बनेका थिए । वर्षा राउत, विल्सन बिक्रम लगायतको अभिनय रहेको फिल्म बक्सअफिसमा सफल हुन सकेन । उनी अहिले नयाँ फिल्म 'टासीदेलेकः अ वे टु हेभन' निर्माणको तयारीमा छन् । यसअघि बास्कोटाले अभिनेता निखिल उप्रेतीसँग 'महागठबन्धन' पनि बनाउने चर्चा थियो ।

हिन्दी, मैथिली, नेपाल भाषा, उर्दू, तमिल, तेलगु, मलयालम, कन्नड, ओडिया, आसामी र सिन्धी भाषाहरूको चलचित्रमा समेत पार्श्व गायक गरेका उदितनारायण झाले हालसम्म करिब ३२ भाषाहरूमा २५,००० भन्दा बढी गीत गाइसकेका छन् ।










आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

*बालविवाह*

# कति पटक छुट्याउन खोजियो, भागेर गइहाल्छन्



सन्देश संवाददाता

हेटौंडा/बालविवाह अन्त्यका लागि अभिभावक र विद्यार्थीकै सोच र विचारमा परिवर्तन ल्याउनुपर्ने कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताएका छन्। बालविवाहविरुद्ध समुदाय परिचालन कार्यक्रमअन्तर्गत् मंगलबार सरकारी, गैरसरकारी तथा सरोकारवालाहरुको सहभागितामा भएको सचेतना कार्यक्रमलाई सम्बोधन गर्दै उनले बालविवाह अन्त्यका लागि मुख्यत: अभिभावकलाई नै सचेत गराउनु जरुरी रहेको बताए।

कैलाशमा चेपाङ र तामाङ समुदायको बसोबास रहेकाले उक्त समुदायलाई अझ बढी सचेतना दिनु जरुरी रहेको मुक्तानले बताए। उक्त समुदायमा बढीमात्रामा बालविवाह देखिन्छ। बालविवाह कानुनी अपराध भए पनि त्यहाँ बालविवाह गर्नु हुन्न भन्ने चेत अझै आएको छैन।

गाउँपालिकाले कक्षा १२ पास गरी २० वर्ष पूरा भइ विवाह गर्नेलाई गाउँसभाको दिन नगद सहित सम्मान गर्ने गरेको अध्यक्ष मुक्तानले बताए। बालविवाह न्यूनीकरणमा चेली प्रोत्साहन कार्यक्रमले थप टेवा दिँदै आएको छ। बालविवाहलाई सामुदायिस्तरबाट अन्त्य गरिनुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा वडा १० का अध्यक्ष सूर्यबहादुर ब्लोनले समुदायस्तरमा बेथिति बढ्दो रहेकाले बालविवाह न्यूनीकरणमा समस्या रहेको बताए। टोल समाजमा बहुविवाह र बालविवाह भए पनि आफूहरु मुकदर्शक भएर बस्नुपर्ने बाध्यता रहेको वडा अध्यक्ष ब्लोनले भने। कति पटक छुट्याउन खोजियो, भागेर गइहाल्छन्, रोकेर रोक्न सकिन्न। घरबाट संस्कार राम्रो हुनुपर्नेमा बालविवाह भइरहेको उनको गुनासो छ।

कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सीताकुमारी खत्रीले बालविवाहले बालबालिकाको वर्तमानमात्र नभइ भविष्यलाई पनि नराम्रो असर पुग्ने बताइन्। शिक्षक, सुरक्षित र समृद्ध समाज बनाउनु छ भने बालविवाह अन्त्य अपरिहार्य रहने उनले बताइन्। भनिन्, बालविवाह अन्त्यका लागि सबै सरोकारवालाको सक्रिय सहभागिता र प्रतिवद्धता आवश्यक रहन्छ। विशेषगरि अभिभावक, शिक्षक, जनप्रतिनिधिहरुले साझा प्रतिवद्धता गरी बालविवाह कानुनीरुपमा दण्डनीय सामाजिक अपराध हो भन्ने भावलाई आत्मसात् गरी बालबालिकाको हित र संरक्षणलाई प्राथमितामा राखेर अघि बढ्न उनले जोड दिइन्।

कार्यक्रमलाई बालअधिकार कर्मीहरु संगीता उप्रेती र भवानी अधिकारीले सहजीकरण गरेका थिए। कार्यक्रममा वडा अध्यक्ष, कार्यपालिकाका सदस्य, विद्यालयका प्रधानाध्यापक, विभिन्न सामाजिक संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो। दुई दिन सञ्चालन हुने कार्यक्रम मंगलबार सरोकारवालासँग अन्तर्क्रिया र बुधबार दुई वटा माविस्तरका विद्यालयमा विद्यार्थी र शिक्षकहरुको सहभागितामा कार्यक्रम सञ्चालन हुने महिला तथा बालबालिका शाखा प्रमुख रमिला सापकोटाले बताइन्।

# 'अदालतको 'आदेशपछि रिहा भए वीरगञ्जका मेयर



सन्देश संवाददाता

वीरगञ्ज/पर्सा जिल्ला अदालतले वीरगञ्ज महानगर पालिकाका मेयर राजेशमान सिंहलाई ४ लाख १५ हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ।

नागरिकता लिखत किर्ते सम्बन्धी कसुरमा अनुसन्धानका लागि पक्राउ परेका मेयर सिंहलाई अदालतले मङ्गलवार अपराह्न धरौटीमा छाड्न आदेश दिएको हो। सिंहका प्रेस सल्लाहकार नवराज फुयाँलले सामाजिक सञ्जाल फेसबुकमार्फत् उनको रिहाइबारे जानकारी दिएका छन्।

नागरिकता लिखतसम्बन्धी मुद्दामा पर्सा जिल्ला अदालतले जेठ १२ गते मेयर सिंहविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। सोही अनुसार मङ्गलवार बिहान पर्साको ठोरी गाउँपालिका-२ स्थित ठोरी जङ्गल रिसोर्टबाट प्रहरीले उनलाई नियन्त्रणमा लिई अदालतमा उपस्थित गराएको थियो।

मुख्य न्यायाधीश गायत्री प्रसाद रेग्मीको इजलासमा मेयर सिंहको बयान लिएकी थिईन। बयानपछि भएको थुनछेक बहसपश्चात् अदालतले झुटा विवरण पेस गरी नागरिकता बनाएको कसुरमा १५ हजार रुपैयाँ र लिखत सम्बन्धी कसुरमा ४ लाख रुपैयाँ गरी कुल ४ लाख १५ हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको श्रेस्तेदार प्रभाकर मल्लिकले जानकारी दिए। अदालतको आदेशअनुसार धरौटी रकम बुझाउने प्रक्रिया जारी रहेको फुयाँलले बताए।

थुनछेक बहसका क्रममा जाहेरवाला वीरगञ्ज-३ का लियाकत अलीको तर्फबाट जिल्ला न्यायाधिवक्ता (सरकारी वकिल) मनोज गुप्ता तथा अधिवक्ताहरू दिननाथ प्रसाद चौरसिया, विनय सिंह, रमेश प्रसाद, चन्द्रिका पटेल, मेराज मियाँ र सन्तोष श्रीवास्तवले बहस पैरवी गरेका थिए। मेयर सिंहको तर्फबाट अधिवक्ताहरू रामेश्वर सेढाईं, कमल मोहन पोखरेल, प्रमोद प्रसाद, अरुण ज्ञवाली र शिवबहादुर कोइरालाले बहस गरेका थिए।

अदालतले नागरिकता लिखतसम्बन्धी मुद्दामा मेयर सिंह, उनकी कान्छी श्रीमती तथा सिन्धुपाल्चोकको इन्द्रावती नगर पालिकाकी रिता भट्टराई र वीरगञ्ज महानगरपालिका वडा नम्बर ३ का तत्कालीन स्थानीय पञ्जिकाधिकारी भिखारी रायविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ।

मेयर सिंहले रिता भट्टराईकी छोरी रुविना श्रेष्ठलाई आफ्नो छोरी बनाई फर्जी जन्मदर्ताको आधारमा नागरिकता बनाएको आरोप छ। यद्यपि, मेयर सिंहले भट्टराई आफ्नी दोस्रो श्रीमती भएको दाबी गर्दै आएका छन्।

वीरगञ्ज-३ का लियाकत अलीले २०८० साल माघमा जिल्ला प्रहरी कार्यालय पर्सामा मेयर सिंहविरुद्ध सरकारी कागजात किर्ते र नागरिकता किर्ते विषयमा उजुरी दिएका थिए। सोही उजुरीका आधारमा चार वटा मुद्दा दर्ता भएकोमा लिखतसम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ।

यसअघि पक्राउ पुर्जी जारी भएको भोलिपल्ट जेठ १३ गते मेयर सिंह आफैँ अदालतमा उपस्थित भएका थिए। तर मुद्दाको चाप बढी भएका कारण त्यस दिन सुनुवाइ हुन नसक्ने जानकारी पाएपछि उनी फर्किएका थिए।


# 'लु' को जोखिमबाट जोगिन पूर्वतयारी आवश्यक

सन्देश संवाददाता

काठमाडौँ/सम्बन्धित निकायका सरकारी अधिकारी तथा मौसम विषयका जानकारहरूले 'लु' को जोखिमबाट जोगिन आवश्यक पूर्वतयारी आवश्यक रहेकामा जोड दिएका छन्।

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट महासङ्घ (आईएफआरसी) ले अत्यधिक गर्मी जोखिम न्यूनीकरण दिवसका अवसरमा मंगबार आयोजना गरेको कार्यक्रममा उनीहरूले त्यसका लागि तीनै तहका सरकार र साझेदारी निकायबीच सहकार्य तथा समन्वय अपरिहार्य रहेको उल्लेख गरेका थिए।

गृह मन्त्रालयका सहसचिव सुरेश पन्थीले 'लु' को जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालयले कार्ययोजना स्वीकृत गरी लागू गरिसकेको बताए। साथै उनले राष्ट्रिय विपद् जोखिम




न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत् अत्यधिक जोखिममा रहेका र धेरै जनसंख्या भएका सम्भावित जोखिम भएका जिल्लामा सन्देश प्रवाह भइरहेको उल्लेख गरेका छन्।

यस प्रक्रियामा गृह मन्त्रालयले 'लु' बाट प्रभावित हुने क्षेत्रका नागरिकहरूको तत्काल जीवन रक्षा गर्न, उनीहरूलाई सचेत गराउन र यसको प्रभावबाट बच्न तथा यसको न्यूनीकरण गर्न आवश्यक कार्य र समन्वय गरिरहेको जानकारी गराए।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा अर्चना श्रेष्ठले तापक्रम मात्र नभई हावा, आर्द्रता जस्ता विभिन्न आयामलाई ध्यानमा राखेर गर्मी सम्बन्धी जोखिमहरूको मूल्याङ्कन गर्न आवश्यक रहेकामा जोड दिए।

यसवर्ष औसतभन्दा कम वर्षा हुने सम्भावना देखिएको जानकारी गराउँदै उहाँले यसको आधारमा गर्मी लहर तथा अत्यधिक गर्मीका दिनहरू बढ्न सक्ने अनुमान गरिएको बारेमा आफूहरूले निरन्तर निगरानी गरिरहेका उल्लेख गरे। प्रमाण र तथ्यमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्दै समयमै सही निर्णय लिन सकिने वातावरण निर्माण प्रमुख लक्ष्य हुनुपर्ने उनको भनाइ थियो।

*रास्वपा मकवानपुरको निर्वाचन*

# पालिकामा कसको नेतृत्व ?



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले जिल्लाका १० वटै स्थानीय तहमा पालिका अधिवेशन सम्पन्न गरी नयाँ नेतृत्व चयन गरेको छ। अधिकांश पालिकामा सर्वसम्मतरूपमा नेतृत्व चयन भएको छ भने हेटौंडा उपमहानगर पालिकामा निर्वाचनमार्फत् नेतृत्व चयन गरिएको हो।

रास्वपा मकवानपुरका कार्यवाहक सभापति प्रकाश गौतमका अनुसार जिल्लाका सबै पालिकामा अधिवेशन सम्पन्न भइसकेको छ। अब पार्टी जेठ २३ गते हेटौंडामा हुने जिल्ला अधिवेशनको तयारीमा जुटेको छ। जिल्ला अधिवेशनबाट रास्वपा मकवानपुरको औपचारिक जिल्ला नेतृत्व चयन हुनेछ।

हेटौंडा उपमहानगरपालिका नगर कमिटीको सभापतिमा महेन्द्र श्रेष्ठ निर्वाचित भएका छन्। थाहा नगरपालिकाको सभापतिमा जयराम केसी चयन भएका छन्। मकवानपुर गढी गाउँपालिकामा अर्जुनप्रसाद दाहालले नेतृत्व पाएका छन् भने मनहरी गाउँपालिकाको सभापतिमा गोविन्द सापकोटा पुन: चयन भएका छन्।

त्यस्तै, इन्द्रसरोवर गाउँपालिकामा मानकाजी लामा सभापतिमा चयन भएका छन्। बागमती गाउँपालिकाको सभापतिमा सुजन पाखीन सर्वसम्मत चयन भएका छन्। कैलाश गाउँपालिकामा सुदीप विष्ट, राक्सिराङ गाउँपालिकामा राजन मल्ल र बकैया गाउँपालिकामा अमल डङ्गाल सभापतिमा चयन भएका छन्।

यसैगरी भीमफेदी गाउँपालिकामा बद्री पौडेल पालिका सभापतिमा चयन भएका छन्। यससँगै रास्वपा मकवानपुरका १० वटै पालिकामा नेतृत्व चयन प्रक्रिया पूरा भएको हो।

रास्वपा मकवानपुरका सचिव सञ्जीव पाठकले पालिका अधिवेशन सम्पन्न भएसँगै जिल्ला अधिवेशनको तयारी तीव्र बनाइएको जानकारी दिए। उनका अनुसार जेठ २३ गते हेटौंडामा हुने जिल्ला अधिवेशनले जिल्ला संरचनालाई पूर्णता दिनेछ।

रास्वपा मकवानपुरमा यसअघि भरत पराजुलीले सभापति पद छाडेपछि तत्कालीन उपसभापति प्रकाश गौतम कार्यवाहक सभापति छन्। पार्टीले पालिका नेतृत्व चयनपछि संगठन विस्तार र आगामी प्रदेश तथा महाधिवेशन प्रक्रियासँग जोडिएका तयारी अघि बढाउने जनाएको छ।

# डोजर 'आतङ्क' रोक्न माग




सन्देश संवाददाता

वीरगञ्ज/वीरगञ्जको मुख्य सडक (मेनरोड) विस्तार कार्य रोक्न माग गर्दै स्थानीयवासी तथा प्रभावित पक्षले मंगलवार काठमाडौँको माइतीघर मण्डलामा प्रदर्शन गरेका छन्।

'विकासको नाममा विनाश गर्न पाइँदैन' भन्ने नारासहित प्रदर्शनमा उत्रिएका सहभागीहरूले सडक विस्तारका क्रममा घर तथा व्यावसायिक संरचना भत्काउने कार्य तत्काल रोक्न तथा तथाकथित 'डोजर आतंक' अन्त्य गर्न सरकार सँग माग गरेका हुन्।

प्रदर्शनकारीहरूले वीरगञ्जको मेनरोडलाई सहरी मार्गका रूपमा कायम गर्नुपर्ने, सर्वोच्च अदालतबाट पीडित पक्षले न्याय पाउनुपर्ने तथा सडक विस्तारका नाममा नागरिकको उठीबास लगाउन नहुने भन्दै नाराबाजी गरेका थिए।

वीरगञ्ज सडक पीडित सङ्घर्ष समितिका संयोजक कुन्दन रौनियारले कानुनी प्रक्रिया पूरा गरी दशकौँअघि निर्माण गरिएका घर तथा व्यावसायिक संरचना भत्काउने तयारीले हजारौँ परिवारको जीवन प्रभावित हुने दाबी गरे। उनले प्रभावित पक्षले उचित मुआब्जाको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेको लामो समय बितिसक्दा पनि सुनुवाइ हुन नसकेको गुनासो गरे।

रौनियारले वीरगञ्जको मेनरोडलाई सहरी मार्गका रूपमा कायम गरी स्थानीयवासीको अधिकार, सम्पत्ति तथा जीविकोपार्जनको संरक्षण गर्न सरकारसँग आग्रह गरे।

सडक विस्तार योजनालाई लिएर प्रभावित स्थानीयवासी र सरोकारवाला निकायबिच विवाद बढिरहेका बेला पीडित पक्षले आफ्ना माग सम्बोधन नभए आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत दिएको छ।

उनीहरुले मुआब्जासहितको सडक क्षेत्र खाली गराउने बारेमा सरोकारवालासंग माग गरेको छन्

# 'सेफ्टी अडिट' सुरु

सन्देश संवाददाता

कास्की/पर्यटन राजधानी पोखरा र संघीय राजधानी काठमाडौँ जोड्ने पृथ्वीराजमार्गमा दुर्घटना बढेसँगै 'सेफ्टी अडिट' सुरु गरिएको छ। स्तरोन्नतिका क्रममा रहेको सो सडकखण्डमा बढ्दो सवारी चाप र दुर्घटनालाई मध्यनजर गर्दै 'सेफ्टी अडिट' सुरु गरिएको मुग्लिन-पोखरा सडक आयोजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए।

उक्त खण्डमा अहिले स्तरोन्नति अन्तिम चरणमा छ। चार लेनमा सडकमा कालोपत्र सकिएको छ। "सडक विस्तार तथा स्तरोन्नति अन्तिम चरणमा छ, सडक प्रयोगकर्ताको सुरक्षालाई प्राथमिकतामा राखेर सेफ्टी अडिट सुरु गरेका छौँ। अडिटका क्रममा सडकको मोड, चोक, पुल, साइनबोर्ड, डिभाइडर, सडकबत्ती, पैदलयात्रीको आवागमन तथा दुर्घटना सम्भावित क्षेत्रको अध्ययन गरिनेछ", आयोजना प्रमुख कुँवरले भने।

सरकारको १०० बुँदे कार्ययोजनामा समेत मुग्लिन-पोखरा सडकमा सेफ्टी अडिट गर्ने र यसको प्रतिवेदन अन्य सडकमा समेत लागू गर्ने उल्लेख गरिएको आयोजनाले जनाएको छ। उक्त प्रतिवेदनका आधारमा आवश्यक स्थानमा थप सुरक्षा व्यवस्था, ट्राफिक संकेत चिह्न, रेलिङ, गति नियन्त्रण तथा चेतनामूलक कार्यक्रम र आवश्यक व्यवस्था गरिने जनाइएको छ।

मुग्लिन-पोखरा सडक देशकै व्यस्त राजमार्गमध्ये एक मानिन्छ। सडक विस्तारका क्रममा कतिपय स्थानमा निर्माण सामग्री, धुलो तथा अस्थायी संरचनाका कारण यात्री तथा चालकले समस्या भोग्दै आएका छन्। वर्षायाम नजिकिँदै गर्दा पहिरो र दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले 'सेफ्टी अडिट' गर्न लागिएको हो।

मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा पाँच वर्षअघि सुरु भएको सडक विस्तार तथा स्तरोन्नति पटकपटक म्याद थप हुँदासमेत अझै पूरा हुनसकेको छैन। तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्मको ३८ दशमलव ७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ।

आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पुऱ्याइएको छ।

*राजमार्गमा पशुको पीडादायी यात्रा:*

# हेटौंडा हुँदै हजारौ पशुको क्रूरतापूर्वक ढुवानी



सन्देश संवाददाता

हेटौंडा/पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथको मुख्य संगमस्थल हेटौंडा हुँदै मासिक हजारौं पशु विभिन्न जिल्लातर्फ ढुवानी भइरहेका छन्। तर ती पशुको यात्रा भने अत्यन्त पीडादायी र अमानवीय बन्ने गरेको पशु अधिकारकर्मीहरूले बताएका छन्।

राजमार्गमा सञ्चालन हुने ट्रक तथा अन्य सवारीसाधनमा गाइ, भैंसी, राँगा, खसी, बोका, बाखा, गाईगोरु लगायतका पशुलाई क्षमताभन्दा बढी कोचेर ढुवानी गर्ने गरिएको छ। कतिपय पशुको घाँटी कसेर बाँधिएको, खुट्टा मोडिएको, शरीर र मुखमा चोट लागेको तथा घण्टौँसम्म पानी र आहारबिनै यात्रा गराइएको दृश्य सामान्य बन्दै गएको छ।

तराइ लगायत विभिन्न जिल्लाबाट सवारीका साधनमा क्षमता भन्दा धेरै पशु ढुवानी गर्नेक्रम अझै पनि नरोकिएको र त्यस्तालाई कार्बाही गर्ने गरिएको पशुसेवा कार्यालय मकवानपुरका प्रमुख डाक्टर रामप्रकाश प्रधानले बताए। पहिले यस्ता घटना धेरै हुने गरेको भएपनि अहिले भने न्यूनीकरण हुँदै गएको उनको भनाइ छ। सवारीका साधनमा क्षमताभन्दा धेरै पशु ढुवानी गरेर आएमा प्रहरीले पनि चालक गाडीसहित नियन्त्रणमा लिने र पशुसेवा कार्यालयलाई बुझाउने गरेको छ। त्यसपछि पशुसेवा कार्यालयले क्वारेन्टाइन कार्यालय बिरगन्जमा पठाउने गरिएको उनले बताए।

देशका प्रमुख सहर वीरगञ्ज, जनकपुर, विराटनगर, क्षेत्रबाट काठमाडौँ तथा अन्य बजार केन्द्रतर्फ लैजाने क्रममा अधिकांश पशु हेटौंडा हुँदै गुज्रने गर्छन्। विशेष गरी पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथ प्रयोग गरेर राजधानीतर्फ पठाइने पशुको ढुवानीमा मापदण्डको खुलेआम उल्लंघन हुने गरेको अधिकारकर्मीहरूको भनाइ छ।

सरकारले पशु ढुवानीसम्बन्धी मापदण्ड, २०६४ तथा पशु कल्याण निर्देशिका, २०७३ जारी गरेको छ। ती व्यवस्थाअनुसार पशुलाई आठ घण्टाभन्दा बढी पैदल हिँडाउन पाइँदैन। सवारीसाधनमार्फत ढुवानी गर्दा ४८ घण्टाभित्र गन्तव्यमा पुऱ्याउनुपर्ने र प्रत्येक आठ घण्टामा दाना-पानीको व्यवस्था गर्नुपर्ने प्रावधान छ। तर व्यवहारमा ती नियम प्रभावकारीरूपमा कार्यान्वयन हुन नसकेको गुनासो बढ्दो छ। पशुपन्छीको हेरचाहमा लापरबाही गरे एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजायको व्यवस्था गरेको छ।

त्यसैगरी दफा ११७ अनुसार पशुपन्छी छाडा छोडे तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना हुन सक्छ। दफा २१० ले पशुपन्छीमाथि निर्दयी व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजायको व्यवस्था गरेको छ।

त्रसार्वजनिक स्थलमा पशुपन्छी मारेमा एक महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना हुने कानुनी प्रावधान छ भने गाईगोरु मारेमा तीन वर्षसम्म कैद सजाय हुन सक्ने व्यवस्था छ। यद्यपि कानुनी व्यवस्था बलियो भए पनि कार्यान्वयन पक्ष कमजोर रहेको पशु चिकित्सकहरूको भनाइ छ। "कानुन मात्रै भएर पुग्दैन, त्यसलाई कार्यान्वयन गर्ने र प्रभावकारी अनुगमन पनि आवश्यक छ।

# 'बालबालिकामा सामाजिक सञ्जालको नकारात्मक प्रभाव ज्यादा'



सन्देश संवाददाता

भरतपुर/स्कुल उमेर समूहका बालबालिकामा सामाजिक सञ्जालको नकारात्मक प्रभाव ज्यादा परिरहेको पाइएको छ। इलाका प्रहरी कार्यालय चनौलीकी प्रहरी निरीक्षक कल्पना सापकोटाले बालबालिकामा सामाजिक सञ्जालको नकारात्मक प्रभावले बलात्कार, अपराध तथा अनलाइन ठगीका घटना बढेको बताइन्।

भरतपुर-३ मा रहेको युवा समाज नेपाल सामाजिक संस्थाले सोमबार भरतपुर २५ मा आयोजना गरेको सामाजिक सञ्जालले बालबालिकामा पारेको नकारात्मक प्रभाव न्यूनीकरण कार्यक्रममा प्रहरी निरीक्षक सापकोटाले सानै उमेरमा बालबालिका सामाजिक सञ्जालमा जोडिँदा यसको नकारात्मक प्रभाव ज्यादा परिरहेको बताइन्।

कार्यक्रममा भरतपुर २५ का माध्यमिक तहका पाँच वटा विद्यालयका ८० जना विद्यार्थी सहभागी थिए। सामाजिक सञ्जालमा बढी समय खर्च गर्ने बालबालिकामा साथीहरूबाट सम्भावित मूल्यांकनका कारण व्यवहार परिवर्तन, इन्द्रिय अंगले ग्रहण गर्नेभन्दा बढी भाव एवं व्यवहारको समस्या (सेन्सरी ओभर लोड), अटेन्सनको समस्या, तनाव एवं कुण्ठाजस्ता गम्भीर भावनात्मक एवं संज्ञानात्मक समस्या आइरहेको उनले बताइन्।

'सामाजिक सञ्जालमा लिप्त हुँदा बालबालिकामा विभिन्न मनोसमस्याहरु देखिएको छ, सञ्जालमा देखाउने महंगा, महंगा ब्राण्डेड कपडा, जुत्ता, घडी, उनीहरूले बोक्ने आइफोन, खाने बर्गर, पिज्जा, बिरयानी, जाने महँगो र डेकोरेटेड रेस्टुरेन्ट वा रिसोर्ट, चढ्ने गर्लफ्रेण्ड र ब्वाइफ्रेण्डसँगको मस्कामस्कीलगायतका विभिन्न कारणले बालबालिकामा नकारात्मक असर परेको छ' प्रहरी निरीक्षक सापकोटाले भनिन्। उनले सामाजिक सञ्जालमा हुने एकाउन्ट ह्याक, ठगी, साइबर बुलिङलगायतका कारणको खोजी गरी समाधानको उपायहरु बालबालिकालाई दिएकी थिइन। सामाजिक सञ्जालको नकारात्मक प्रभावबलात्कार, दुर्व्यवहार र आपराधिक घटना बढिरहेको बताइन्।

युवा समाज नेपालका निवर्तमान अध्यक्ष केशवप्रसाद रेग्मीले सामाजिक सञ्जालमा देखाउने बनावटी चमकधमकलाई वास्तविक ठानी आफूलाई निरीह मान्ने, बाबुआमालाई असहयोगी ठान्ने र आफूलाई एक्लो बनाउँदै लाने प्रवृत्तिले बालबालिकामा एन्जाइटीलगायत विभिन्न मनोसमस्याहरु देखिएको बताए। उनले भने, 'बालबालिकामा आत्महत्या गर्नेक्रम बढेको छ, सामाजिक सञ्जालमा आउने विभिन्न गेमहरुले अनिद्रा, कुटपिट झैझगडा र अपराधिक क्रियाकलापसमेत गराएको घटना सार्वजनिक भएका छन्।' कार्यक्रमको अध्यक्षता समेत गरेका उनले सामाजिक सञ्जालको सही सदुपयोग गर्न बालबालिकालाई आग्रह गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि भरतपुर २५ का वडाध्यक्ष छविलाल सापकोटाले बालबालिकाले अध्ययनमा ध्यान दिन र सामाजिक सञ्जालमा नजोडिन आग्रह गरे। उनले भने, 'कमेन्ट र लाइक हेर्दाहेर्दै बालबालिकाको ध्यान गलत दिशातर्फ मोडिएको छ, नकारात्मकतर्फ गएको छ, जसले गर्दा आत्महत्यादेखि चरित्रहत्यासम्मका घटना घटेका छन्।' उनले यसबाट जोगिन बालबालिकालाई आग्रह गरेका थिए।

कार्यक्रममा गोल्डेन फ्यूचर एकेडेमीका प्रअ हिरालाल अधिकारी, मदरल्यान्ड सेकेन्डरी ई. बोर्डिङ स्कुलका सहायक प्रअ ईश्वरी तिवारी, राष्ट्रिय मावि शोशीकी शिक्षक विनिता श्रेष्ठ, विद्यार्थीहरु एलिना न्यौपाने, सीमरन पुरी, एन्जिला अधिकारी, विनिता भुसाललगायतले मन्तव्य दिएका थिए।

## वातावरण........

दीर्घकालीन संरक्षणका लागि स्थानीय बासिन्दा, मन्दिर व्यवस्थापन समिति तथा टोलविकास संस्थाहरुले प्रतिबद्धता व्यक्त गरेको बताए।

कार्यक्रममा सहभागीहरुले वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा स्वच्छ नगर निर्माणका लागि सामूहिक प्रयास आवश्यक रहेकोमा जोड दिएका थिए।

सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् सञ्चालन गरिएका विविध गतिविधिहरुले वातावरणीय सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले जनाएको छ। वृक्षरोपण कार्यक्रमले पाथीभरा मन्दिर क्षेत्रको सौन्दर्य अभिवृद्धि गर्नुका साथै वातावरणीय सन्तुलन र हरियाली विस्तार गरिने बताए।


ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।

